पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

newsofnepal.com

राष्ट्रिय दैनिक

बुधबार, वैशाख १०, २०८२ | Wednesday, April 23, 2025 | नेसं ११४५, चौलागा १० | वर्ष ३०, अंक ८८ | पृष्ठ ८+४ | मूल्य रु १०/–

## संघीय शासनको असफलता रोक्न उच्चस्तरीय शासकीय सुधार आयोग

### मुख्य सचिवको संयोजकत्वमा शासकीय सुधार कार्यान्वयन समिति गठन

सागर पण्डित, काठमाडौं

सरकारले संघीय शासन प्रणालीमा पछिल्लो समयमा देखिएका समस्या र चुनौती रोक्न भन्दै उच्चस्तरीय शासकीय सुधार आयोग गठन गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीको अध्यक्षतामा विभिन्न मन्त्री तथा विज्ञहरुलाई सहभागी गराउँदै उच्चस्तरीय शासकीय सुधार आयोग गठन गरेको हो।

नेपालको सन्दर्भमा लामो समयदेखि चुनौतीका रुपमा रहिआएको न्यून पुँजीगत खर्च, बढ्दो व्यापार घाटा, समस्याग्रस्त सार्वजनिक संस्थान तथा विकास आयोजनाहरू, वैदेशिक रोजगारीलगायत उच्च शिक्षाको नाममा लाखौं युवाको विदेश पलायनजस्ता आर्थिक तथा सामाजिक सवाललाई समग्र शासकीय पक्षबाट अध्ययन-विश्लेषण गरी सुधारका उपायहरू पहिचान गर्न आवश्यक भएको भन्दै सो आयोग गठन गरिएको हो। आयोगको कार्याअवधि काम प्रारम्भ गरेको मितिले ६ महिनाको हुनेछ।

सो आयोगका सदस्यहरुमा उपप्रधान तथा अर्थमन्त्री, गृहमन्त्री, प्रधानमन्त्रीले तोकेको राजनीतिक दलको वरिष्ठ सदस्य, कानुनमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री, लोकसेवा आयोगका अध्यक्ष, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सरकारका मुख्य सचिव, प्रधानमन्त्रीले तोकेको शासकीय सुधार विज्ञ २ जना, निजी क्षेत्रका एक जना प्रतिनिधि सदस्यको रुपमा रहेका छन्।

सरकारका मुख्य सचिव एकनारायण अर्यालले केन्द्रीकृत शासन प्रणाली हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिसम्म आइपुग्दा भएका संरचनागत परिवर्तनसँगै नेपालको सार्वजनिक प्रशासन र नागरिकबीचको सम्बन्धको स्वरुपमा पनि सोहीअनुरुप सुधारको खाँचो देखिएकाले उच्चस्तरीय शासकीय सुधार आयोग गठन गरिएको जानकारी दिनुभयो। मुख्य सचिव अर्यालले आवश्यकताअनुसार आयोगले सुशासन कायम गर्ने सवालमा आवश्यक निर्णयसमेत गर्ने छ। सो निर्णयलाई कार्यान्वयन गर्न मुख्य सचिव अर्यालकै संयोजकत्वमा शासकीय सुधार कार्यान्वयन समितिसमेत गठन गरिएको छ। सो समितिले उच्चस्तरीय शासकीय सुधार आयोगका सिफारिसहरूलाई क्रमशः कार्यान्वयन गर्दै लैजानेछ। सो समितिका सदस्यहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, कानुन मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य मन्त्रालयका सचिव रहनुभएको छ।



केन्द्रीकृत शासन प्रणाली हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिसम्म आइपुग्दा भएका संरचनागत परिवर्तनसँगै सार्वजनिक प्रशासन र नागरिकबीचको सम्बन्धको स्वरुपमा पनि सोही अनुरुप सुधारको खाँचो देखिएकाले आयोग गठन गरिएको हो । आवश्यकता अनुसार आयोगले सुशासन कायम गर्ने सवालमा आवश्यक निर्णय समेत गर्नेछ ।

**एकनारायण अर्याल**
मुख्य सचिव, नेपाल सरकार

उच्चस्तरीय आयोगको नीतिगत मार्गनिर्देशनमा रही कार्यसम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित विषय विज्ञ सम्मिलित एक कार्यसम्पादन समितिसमेत गठन हुने जनाइएको छ। आयोगको कार्याअवधि काम प्रारम्भ गरेको मितिले ६ महिनाको हुनेछ।

उच्चस्तरीय शासकीय सुधार आयोगको अवधारणापत्रमा विश्व परिवेशमा समयसमयमा देखापरेका विभिन्न राजनीतिक तथा आर्थिक उतारचढाव, समस्या, चुनौती तथा अवसरहरूसँगै शासकीय अभ्यासमा पनि पुनरावलोकन भइरहेको स्मरण गर्दै सन् २००८ मा अमेरिकाले सामना गर्नुपरेको वित्तीय संकट सम्बन्धमा फाइनान्सियल क्राइसिस इन्कायरी कमिशनले गरेको अध्ययन प्रतिवेदनमा यस्तो समस्या आउनुको एउटा प्रमुख कारक तत्वका रुपमा वित्तीय क्षेत्रलाई नियमन गर्ने संघीय सरकारको असफलतालाई औंल्याएको सन्दर्भलाई उल्लेख गर्दै उदार अर्थतन्त्रको सिद्धान्तलाई सतर्कतापूर्वक अभ्यास गर्नुपर्ने बहसका बारेमा समेत उल्लेख गरिएको छ। नेपालमा पनि उदार अर्थतन्त्रको सिद्धान्तलाई सतर्कतापूर्वक अभ्यास नगरिँदा मुलुकले विभिन्न संकटहरु व्यहोर्नुपरेको विज्ञहरुले बताउँदै आएका छन्।

(क्रमशः पृष्ठ ५ मा)

#### कक्षा १२ को परीक्षा स्थगित

## वैशाख २१ गतेदेखि गर्ने निर्णय

ईश्वरराज ढकाल, काठमाडौं

कक्षा १२ को परीक्षा अन्ततः सरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मालाई परीक्षा सार्न निर्देशन दिएलगतै मंगलबार राति बोर्डको बैठक बसेर परीक्षा सार्ने निर्णय गरेको हो। उक्त निर्णयसँगै बोर्डले परीक्षा वैशाख २१ गतेदेखि शुरु गर्ने निर्णय गरेको छ।

अध्यक्ष शर्माले नेपाल समाचारपत्रसँग कुरा गर्दै प्राविधिक कारणले परीक्षा ९ दिनपछि सरेको जानकारी दिनुभयो। अघिल्लो वर्ष पनि कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि नै शुरु भएको थियो। यसअघि पनि शिक्षक महासंघको आन्दोलनका कारण राष्ट्रिय परीक्षा बोर्डले केही दिन स्थगित गर्ने तयारी गरेको थियो। तर मंगलबार बिहान प्रधानमन्त्री कार्यालयले दबाब दिएपछि बोर्डले जसरी भए पनि परीक्षा निर्धारित कार्यक्रमअनुसार वैशाख ११ गतेबाट नै शुरु गर्ने निर्णय गरेको थियो। तर राति एकाएक बिहान गरेको निर्णयलाई सच्याउँदै परीक्षा सार्ने निर्णय भएको हो। यसअघि परीक्षा बोर्डले केही दिन स्थगित गरी वैशाख १६ अथवा १९ गतेबाट शुरू गर्ने गरी परीक्षा लिने प्रस्ताव तयार गरेको थियो।

यसअघि अघिल्लो दिन शिक्षा, विज्ञान तथा प्रबिधिमन्त्री विद्या भट्टराईले राजीनामा दिएपछि अनिर्णीत भएको बोर्डले तोकिएकै मितिमा परीक्षा लिने कि केही दिन सार्ने भन्ने अन्योल सिर्जना भएको थियो।

विद्यालय बन्द गरेर प्रधान अध्यापकदेखि सबै शिक्षक आन्दोलनमा छन्। केन्द्राध्यक्ष निर्देशिका पुस्तिका, २०८१ मा जिल्ला विकास तथा समन्वय इकाईको भूमिका अन्तर्गत ईकाई प्रमुखद्वारा जिल्ला परीक्षा समन्वय समितिको निर्णयअनुसार प्रत्येक केन्द्रका लागि माध्यामिक विद्यालयका प्रअ वा कम्तीमा माध्यमिक स्तरका एकजना शिक्षकलाई परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्ष नियुक्ति गर्ने उल्लेख छ। सोही आधारमा प्रअ वा मावि शिक्षक नै केन्द्राध्यक्ष हुनुपर्ने व्यवस्था छ। सबै सरकारी शिक्षक आन्दोलित भएकोले केन्द्राध्यक्ष नभएको विद्यालयमा परीक्षा हुने हो कि नहुने भन्ने अन्योल अझै छ। बोर्ड प्रदेश कार्यालयले हिजो मंगलवारबाट प्रअलाई टेलिफोन गरी केन्द्राध्यक्षको पत्र बुझ्न गरेको आग्रहलाई प्रअहरूले इन्कार गरेका थिए। एक प्रअले नेपाल समाचारपत्रसँग भने- 'हामी आन्दोलनमा छौं केन्द्राध्यक्ष स्वीकार गर्दैनौं।'

सरकारले तीनै तहका सरकार र कर्मचारीको सहयोगमा परीक्षा सञ्चालन गर्ने तयारी गरेको छ। तर, कानुनविपरीत निजामती कर्मचारीलाई केन्द्राध्यक्ष बनाएर परीक्षा गर्नसक्ने अवस्था छैन।

बोर्ड बैठकले तोकेकै मितिबाट परीक्षा सञ्चालन हुने जनाएपछि प्रदेश कार्यालयले आफ्नो प्रदेशका सबै विद्यालयका प्रअलाई बोलाएर इकाईमार्फत केन्द्राध्यक्षको चिठ्ठी दिन शुरू गरेको छ। 'पत्र तयार भयो तर शिक्षकले मानेका छैनन्'-बोर्डका एक कर्मचारीले नेपाल समाचारपत्रसँग भने। उहाँका अनुसार शिक्षकले आन्दोलन फिर्ता लिएर विद्यालय नपुगेसम्म परीक्षा हुन सम्भव छैन। तैपनि सबै किसिमको प्रयास छ। प्रादेशिक कार्यालयले केन्द्राध्यक्षको पत्र तयार गरेको छ भने विद्यालयले प्रवेशपत्र दिन शुरू गरेको छ।

कानुनमा प्रअ नै केन्द्राध्यक्ष हुनुपर्ने व्यवस्था रहेको भए पनि बोर्डले जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारीको निर्देशनमा केन्द्राध्यक्ष तोक्ने तयारी छ। यसपटक १२ कक्षाको परीक्षा दिने विद्यार्थीको संख्या ५ लाख ५३ हजार छ भने १ हजार ५ सय ९१ परीक्षा केन्द्र तोकिएको छ। शिक्षाऐन जारी गर्न माग गर्दै २० चैतदेखि शिक्षक तथा कर्मचारीहरूले काठमाडौंमा आन्दोलन गरिरहेका छन्।




## राजनीतिक अस्थिरताको जगमा राजतन्त्रको पक्षमा आवाज

नेपाल समाचारपत्र, काठमाडौं

नेपालमा पछिल्ला दिनहरूमा राजनीतिक अस्थिरता झनै चर्किँदै गएको छ। सरकार परिवर्तनको क्रम, दलहरूबीचको अविश्वास, भ्रष्टाचारको बढ्दो दर र जनताको जीवनस्तरमा देखिएको निराशाले जनमानसमा असन्तोष बढाएको छ। यही असन्तोषको सन्दर्भमा कतिपय तत्वहरू पुनः राजतन्त्रको पक्षमा आवाज उठाउन थालेका छन्।

गणतन्त्र स्थापनाको डेढ दशक बितिसक्दा पनि आमजनताले अपेक्षित परिवर्तन महसुस गर्न नसक्नुले जनविश्वासमा खलल पुगेको देखिन्छ। संविधानले प्रत्याभूत गरेका अधिकारहरू कार्यान्वयनमा कमजोर हुनु, राजनीतिक दलहरूबीचको आन्तरिक द्वन्द्व र विकास निर्माणको गतिमा देखिएको सुस्तता नै यस असन्तोषको मूल कारण बन्दै गएको छ।

अहिले केही राजनीतिक दल वा समूहहरू खुलेरै गणतन्त्रको आलोचना गर्दै राजतन्त्र पुनःस्थापनाको पक्षमा उभिन थालेका छन्। उनीहरूको तर्क छ- गणतन्त्रले देशलाई

**समाचार टिप्पणी**

अराजकता, विभाजन र अस्थिरतातर्फ लैजाँदै छ। तर, यस्ता तर्कमा कुनै दम नभएको राजनीतिक विश्लेकषकहरू बताउँछन्।

राजनीतिक विश्लेषकहरू भन्छन्- राजतन्त्रले पनि देशलाई स्थिरता दिन सकेको थिएन। स्वतन्त्रता, समानता र समावेशीताको भावना गणतन्त्रले नै ल्याएको हो। त्यसैले अहिले राजतन्त्र भनेर हिँड्नेहरू निश्चित स्वार्थ बोकेर हिँडेकाले उनीहरूको सपना पूरा नहुने समाजशास्त्री डा. युवराज शर्मा बताउनुहुन्छ।

नेपालको समस्या शासन प्रणालीमा होइन, त्यसको कार्यान्वयन र नेतृत्वमा रहेको राजनीतिक संस्कृतिमा हो। दलहरूको अनुशासनहीनता, सत्ताको लोभ र सैद्धान्तिक विचलनले यो अवस्था सिर्जना गरेको हो। समाधान भनेको प्रणाली परिवर्तन होइन, संस्थागत सुदृढीकरण, पारदर्शिता र जवाफदेही शासन हो।

अर्का समाजशास्त्री डा. मीनराज भट्टराई भन्नुहुन्छ- यदि आज जनताले चित्त बुझाएका छैनन् भने त्यसको दोष प्रणालीलाई होइन, प्रणालीलाई सहीरूपमा चलाउन नसकेका नेताहरूमाथि जान्छ। गणतन्त्रको विकल्प खोज्नुभन्दा पनि यसलाई सुधार गर्नुपर्नेमा सबै सचेत नागरिकहरू एकमत छन्।

(क्रमशः पृष्ठ ५ मा)

**मजदुरको हकहित संरक्षण गरौ**

- श्रमिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
- दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
- असुल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
- स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
- बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं,
- मजदुरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं।
- सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मधेस प्रदेश मिडिया काउन्सिल अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, (नेस)

ठेक्काको सार्वजनिक सूचना जारी गर्दा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित तीन जनाविरुद्ध मंगलवार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी रकम हिनामिना गरेको भन्दै त्यसमा संलग्नविरुद्ध आयोगले मुद्दा दायर गरेको हो।

(क्रमशः पृष्ठ ५ मा)

# ग्रेडवृद्धि परीक्षा स्थगित

**नेपाल समाचारपत्र, बैतडी**

शिक्षकहरूका आन्दोलनका कारण दोगडाकेदार गाउँपालिकाले परीक्षा स्थगित गरेको छ। गाउँपालिकाले एक सूचना जारी गर्दै वैशाख १२ गतेदेखि हुने भनिएको आधारभूत तह कक्षा ५ र ८ को ग्रेडवृद्धि परीक्षा शिक्षकहरूको आन्दोलनका कारण स्थगित गरिएको जनाएको छ।

'शैक्षिक सत्र २०८१ को आधारभूत तह (कक्षा ५ र ८) को ग्रेडवृद्धि परिक्षा २०८१/०१/१२ गतेदेखि सञ्चालन गर्ने भनी सूचना प्रकाशित गरिएकोमा शिक्षक महासंघको आन्दोलनका कारण उक्त परिक्षा अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित भएको छ।' -प्रमुख प्रशासकीय अधिकृत नन्दराज जोशीद्वारा जारी सूचनामा भनिएको छ।

वैशाख १२ गतेदेखि हुने भनिएको ग्रेडवृद्धि परीक्षा अनिश्चित्‌कालका लागि स्थगित भएपछि विद्यार्थी चिन्तामा परेका छन्। विद्यालय शिक्षा ऐन जारी गर्न ढिलाइ भएको भन्दै देशभरका शिक्षकले काठमाडौंमा १९ दिनदेखि अनिश्चित्‌कालीन सडक आन्दोलनमा रहेका छन्।

शिक्षा ऐनमा यसअघि शिक्षकहरूसँग भएका सहमतिका बुँदालाई समावेश गर्नुपर्ने आन्दोलनरत शिक्षक कर्मचारीको माग छ।

# १२ वर्षमा पनि बनेन भेरीको पुल
## सास्ती खेप्दै स्थानीय

**सिर्जना बुढाथोकी, सुर्खेत**

कर्णाली प्रदेशको सुर्खेत र लुम्बिनी प्रदेशको बर्दिया जोड्ने भुरीगाउँ तेलपानी सडकमा पर्ने रानीघाटको भेरी नदीमाथिको पुल १२ वर्ष बित्दा समेत बन्न सकेको छैन। पुलको डिजाइनमा केही प्राविधिक त्रुटि भएको र ठेकेदारले अदालतमा हालेको मुद्दाको किनारा नलाग्दा सो पुल अलपत्र परेको हो।



२०६९ साल असार २९ गते पप्पु मल्ल जेभीसँग ४३ महिना अर्थात् २०७२ साल पुस २९ गतेभित्र सक्ने गरी सो पुलको निर्माण सम्झौता भएको थियो। त्यस बेलाको लागत १४ करोड २९ लाख ८९ हजार रुपियाँ रहेको थियो। निर्माण कम्पनीले काम पनि शुरुआत गर्‍यो। भेरी नदीमा दुई वटा पिल्लर राख्ने कामको शुरुआत पनि भयो। तर, बीचको पिल्लरको डिजाइनमा त्रुटि भएर केही बाँगिएपछि पुल निर्माणको काम रोकियो।

डिजाइनमा प्राविधिक गल्ती भएपछि निर्माण कम्पनीले अदालतमा मुद्दा हालेको छ। पुल निर्माण हेर्ने सडक डिभिजन कार्यालय सुर्खेतका अनुसार अदालतमा मुद्दा परेको र नटुंगिएकाले पुलको काम हुन सकेको छैन। निर्माण कम्पनीले ४ करोड ३८ लाख २२ हजार ९ सय ८३ रुपियाँ पेस्की लगिसकेको कार्यालयका इन्जिनियर बर्खबहादुर कठायत बताउनुहुन्छ। निर्माण कम्पनीले काम अलपत्र पारेपछि कार्यालयले २०७९ असार २० गते ठेक्का सम्झौता तोडेको थियो। सो क्रममा ८९ लाख ७९ हजार बैंक ग्यारेन्टीसमेत जफत गरिएको थियो।

कार्यालयका इन्जिनियर कठायतले मुद्दाको किनारा नलागेकाले नयाँ ठेक्का प्रक्रिा पनि शुरु हुन नसकेको बताउनुभयो। मुद्दाको टुंगो लागिसकेपछि पुलको नयाँ ठेक्का प्रक्रिया शुरु गरिनेछ। यसका साथै पुल सम्पन्न गर्नका लागि अर्थ मन्त्रालयसँग रकम सुनिश्चितताको सहमति पनि माग गरिएको उहाँले बताउनुभयो।

१२ वर्षपछि पुल निर्माणको काम अलपत्र भएपछि रानीघाटबाट पारि जान ट्युब प्रयोग गर्नुपर्ने बाध्यता छ। त्यहाँ रहेको झोलुंगे पुल पनि २०७१ सालको बाढीले बगाएपछि वारपार गर्न असहज छ। पुल तर्न अहिले करिब आधा घण्टा टाढा पुग्नुपर्ने अवस्था रहेको स्थानीय मानकुमारी सार्कीले बताउनुभयो। 'पुरानो पुल बगायो, नयाँ पुल बनेको छैन, पारि जान आधा घण्टा हिँडेर जानुपरेको छ। जीवन चलाउनै गाह्रो भएको छ। -उहाँले भन्नुभयो।

वीरेन्द्रनगर नगरपालिका-२ र बराहताल गाउँपालिका-१, २ जोड्ने सो पुल निर्माण भएको भए बर्दियाको भुरीगाउँ पुग्न छोटो हुने अर्का स्थानीय लीलाराम बिले बताउनुभयो। पुल छिटो बनाउन धेरै ठाउँमा निवेदन दिएको, डेलिगेसन भएको भन्दै उहाँले कसैले सुनुवाइ नगरेको दुःखेसो गर्नुभएको छ। पुल निर्माण भएको भए ५४ किमिको दूरीमा बर्दियाको भुरीगाउँ पुग्न सकिन्छ। प्रत्येक निर्वाचनमा भुरीगाउँ तेलपानी सडक निर्माण गर्ने, रानीघाट पुल बनाउने भनेर घोषणा गरे पनि हालसम्म बनाउने पहल नभएको स्थानीयको आरोप छ।

यता, कर्णाली प्रदेश सरकारले पनि दुई प्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखेको जनाएको छ। मुख्यमन्त्री यामलाल कँडेलले सुर्खेतको तेलपानीदेखि बर्दियाको भुरीगाउँ जोड्ने सडकलाई प्राथमिकतामा राखेको र पुल निर्माणको कामलाई पनि दबाब दिइरहेको बताउनुभयो।


## लक्ष्मी सनराइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति पून: लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०१/१०)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने/धितो लिलाम बिक्रीको १५ दिने तथा लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा पूनः यो धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/०१/१७ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालयः राजविराज, सप्तरी**

**१.ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय सप्तरीमा दर्ता नं. १०२/४०३८/०६८/०६९ अन्तर्गत मिति २०६८/१०/११ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय लहान, सिरहा पान नं. ६०१०४२३३७ भएको सप्तरी जिल्ला, अर्नहा गा.वि.स. वडा नं. ३ स्थित **गैंडा ईटा उद्योग।**

**प्रोप्राइटर तथा धितो जमानतकर्ताको विवरण :** नुर महमदको नाति, अब्दुल अजिजको छोरा, सप्तरी जिल्ला, अर्नाहा गा. वि. स. वडा नं. ८ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **अब्दुल हफिज** जोसी (ना.प्र. नं. ०२२०४६२४, जि.प्र.का. सप्तरी, जारी मिति २०४८/०७/१४)।

**धितो जमानतकर्ता:*** कैनकीको नाति, नुर महमद राईको छोरा, सप्तरी जिल्ला, अर्नाहा गा.वि.स. वडा नं. ८ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **अब्दुल अजिज** (ना.प्र. नं. २१८८, जि.प्र.का. सप्तरी, जारी मिति २०४६/१०/०७)।

**व्यक्तिगत जमानतकर्ताहरु : ***

क. अब्दुल अजिजको बुहारी, अब्दुल हसीव जोशीको पत्नी, सप्तरी जिल्ला, अर्नाहा गा.वि.स. वडा नं. ८ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **गुलशन आरा** (ना.प्र.नं. १६-०१-७१-०५०७२, जि.प्र.का. सप्तरी, जारी मिति २०७१/०७/०९)।

ख. अब्दुल अजिजको बुहारी, अब्दुल हफिज जोसीको पत्नी, सप्तरी जिल्ला, अर्नाहा गा.वि.स. वडा नं. ८ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **हलीमा खातुन** (ना.प्र.नं. १६३०६६/२४, जि.प्र.का. सप्तरी, जारी मिति २०६३/११/१७)।

ग. नुर महमदको नाति, अब्दुल हफिज जोसीको छोरा, सप्तरी जिल्ला अर्नाहा गा.वि.स. वडा नं. ८ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **अब्दुल गनी जोशी** (ना.प्र.नं. ३७६४, जि.प्र.का. सप्तरी, जारी मिति २०५९/०९/०४)।

घ. अब्दुल अजिजको नाति, अब्दुल हफिज जोसीको छोरा, सप्तरी जिल्ला, अर्नाहा गा.वि.स. वडा नं. ८ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **अब्दुल खालीक जोशी** (ना.प्र.नं. १६-०१-७१-०५०७९, जि.प्र.का. सप्तरी, जारी मिति २०७१ /०७/०९)।

ङ. नुर महमद राईको बुहारी, अब्दुल अजिजको पत्नी, सप्तरी जिल्ला, अर्नाहा गा.वि.स. वडा नं. ७ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **हाजरा खातुन** (ना.प्र.नं. ०२२०२१८३, जि.प्र.का. सप्तरी, जारी मिति २०४५/०२/१३)।

च. नुर महमदको नाति, अब्दुल अजिजको छोरा, सप्तरी जिल्ला, अर्नाहा गा.वि.स. वडा नं. ८ भई हाल सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. १२ बस्ने **अब्दुल हसीव जोशी** (ना.प्र. नं. ०२२०४४३५, जि.प्र.का. सप्तरी, जारी मिति २०४८/१२/२५)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**१. धितो जमानतकर्ता अब्दुल अजिज**को नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला अर्नाहा गा.वि.स. वडा नं. ७ क र ९ क स्थित कित्ता नं. ६९४, १६४, १६५ र १६७ को क्षेत्रफल क्रमशः ०-४-०, ०-२-१७.५०, ०-५-६.५० र ०-७-२ (विगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२. धितो जमानतकर्ता अब्दुल हफिज जोसी**को नाममा मालपोत कार्यालय सप्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, अर्नाहा गा.वि.स. वडा नं. ३क स्थित कि.नं. ९९१ को क्षेत्रफल ०-३-० (विगाह) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. यस बैंकको नाममा दर्ता कायम रही ऋणी श्री गैंडा ईटा उद्योग जनिएको मोडेल TERRA 25 G BOGI, च्यासिस नं. MC2L4GRC0KK008521, इन्जिन नं. 91K84517808 भएको **सवारी दर्ता नं. २-०३-००१ क-१०५५** को भाडा/निजी सवारी साधन थान १।

४. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**शाखा कार्यालयः विरेन्द्रनगर एरिचोक**

**१) ऋणीको नाम :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, बिरेन्द्रनगर, सुर्खेतमा प्रा.फ.र.नं. ३२१२/०६९/७० स्थानिय व्यापार मिति २०६९/०४/१० मा दर्ता भई विरेन्द्रनगर नगरपालिका वडा नं. ०३ सुर्खेतमा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय सुर्खेतमा, पान नं. ३०५४८२८८४ मिति २०६९/०४/२२ मा दर्ता भएको **मनिषा कोल्ड स्टोर।**

**प्रोप्राईटरको विवरण :** रण बहादुर रोकायको नाति धन बहादुर रोकायको छोरा दैलेख जिल्ला, कालभैरव न.पा./गा.पा. वडा नं. ०२ घर भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०३ बस्ने **दिपक कुमार रोकाय** (ना.प्र.नं. ६३-२०४५/२६० जि.प्र.का., दैलेख, जारी मिति २०६७/०८/२०)

**व्यक्तिगत जमानतकर्ता :*** मयाराम थापाको छोरी धन बहादुर रोकायको बुहारी दिपक कुमार रोकायको पत्नि दैलेख जिल्ला, रावतकोट न.पा./गा.पा. वडा नं. ०६ भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर नगरपालिका वडा नं. ०३ बस्ने **मन कुमारी थापा** (ना.प्र.नं. ६३२०४५/३०७ जि.प्र.का., दैलेख, जारी मिति २०६८/०२/०१)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** यस यस बैंकको नाममा दर्ता कायम रही ऋणी **श्री मनिषा कोल्ड स्टोर** जनिएको इसुजु मोटर्स इन्डिया कम्पनीको मोडेल नं S-CAB च्यासिस नं. M3GTFR54JKB000506, इन्जिन नं. A1Y804 भएको **प्रदेश ०३-०१-०२३ च २९००** को निजी कार थान १।

**शाखा कार्यालयः बिर्तामोड, झापा**

**१. ऋणीको नामः** प्रदेश न. १ निजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम प्रदेश सरकार, प्रदेश नं. १ उद्योग, पर्यटन बन तथा बातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय झापा मा दर्ता नं. ३३२-१६५६१ मिति २०७८/०५/३० मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुरमा पान नं. ६०२०१६७५१ भएको झापा जिल्ला बिर्तामोड गा.पा. वडा नं. ०६, स्थित श्री **अनिष सुनचांदी पसल।**

**प्रोप्राइटरको विवरणः** मान बहादुर विश्वकर्माको नाती, भिम बहादुर विश्वकर्माको छोरा झापा जिल्ला बाहुनडांगी न.पा./गा.पा वडा नं. ०७ भई हाल झापा जिल्ला अर्जुनधारा न.पा.वडा नं. ९ बस्ने **प्रकाश विश्वकर्मा** (ना.प्र.नं. ०५३१,४२२९ जि.प्र.का. झापा जारी मिति २०५२/०५/२५)।

**धितो जमानतकर्ता :*** भिम बहादुर विश्वकर्माको बुहारी, प्रकाश विश्वकर्माको पत्नि झापा जिल्ला बाहुनडांगी न.पा./गा.पा वडा नं. ०७ भई हाल अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **निर्मला विश्वकर्मा** (ना.प्र.नं. ०४१००१/५६२ जि.प्र.का. झापा जारी मिति २०६५/०८/१८)।

**व्यक्तिगत जमानतकर्ताहरु *:**

क) मान बहादुर विश्वकर्माको नाती, भिम बहादुर विश्वकर्माको छोरा झापा जिल्ला बाहुनडांगी न.पा./गा.पा वडा नं. ०७ भई हाल अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **प्रकाश विश्वकर्मा** (ना.प्र.नं. ०५३१,४२२९ जि.प्र.का. झापा जारी मिति २०५२/०५/२५)।

ख) भिम बहादुर विश्वकर्माको बुहारी, प्रकाश विश्वकर्माको पत्नि झापा जिल्ला बाहुनडांगी न.पा./गा.पा वडा नं. ०७ भई हाल अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **निर्मला विश्वकर्मा** (ना.प्र.नं. ०४१००१/५६२ जि.प्र.का. झापा जारी मिति २०६५/०८/१८)।

ग) भिम बहादुर विश्वकर्माको नाती, प्रकाश विश्वकर्माको छोरा झापा जिल्ला मेचिनगर न.पा./गा.पा वडा नं. ०१ भई हाल अर्जुनधारा न.पा. वडा नं. ९ बस्ने **अनिष बराइली** (ना.प्र.नं.०४-०१-७६-१०१५२ जि.प्र.का. झापा जारी मिति २०७६/०८/०१)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **धितो जमानतकर्ता निर्मला विश्वकर्मा**को नाममा मालपोत कार्यालय भद्रपुर झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला शनिश्चरे गा.वि.स/न.पा वडा नं. ३ स्थित कित्ता नं. ८८४६ को क्षेत्रफल ०-४-८ बि.क.धु भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

**नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।**

पुनश्चः बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौं/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

**अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार/सम्बन्धित शाखा कार्यालय स्थित कर्जा असूली विभागमा सम्पर्क राख्न सकिने छ।**

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



## सिन्धु हाइड्रोपावर प्रा.लि. (लिक्विडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/०९/०८ मा दर्ता भएको **प्रा.लि. नं.१३०५७१/०७१/०७२** को **सिन्धु हाइड्रोपावर प्रा.लि.**लाई खारेजी (लिक्विडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजि मिति २०८२/०१/०९ गतेको विशेष साधारण सभाले निर्णय गरेकाले यस कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्विडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर : सुरेन्द्र बहादुर शाही**
इजाजत पत्र नं. ४०२, मो.नं. ९८४१५६११०४


# कार्यालय सहयोगी मृत फेला

**खोटाङ, (नेस)**

रावाबेंसी गाउँपालिकाका कार्यालय सहयोगी महेश रेग्मी मृत फेला परेका छन्। सोही गाउँपालिका-१ कुभिण्डे निवासी ५७ वर्षीय रेग्मी घर नजिकै रहेको बारीको भित्तामा सोमबार मृत फेला परेका हुन्।

गोरेटो बाटोबाट करिब ८/९ मिटर तल मृत फेला परेको कुभिण्डेका वडाध्यक्ष गेहेन्द्रमान राईले बताउनुभयो। मृतक रेग्मी आइतबार राति दाजुको घरबाट करिब साढे ८ बजे हिँडेको जानकारी पाइएको उहाँको भनाइ छ।

उनको शव परीक्षणका लागि जिल्ला अस्पताल दिक्तेल पठाएर अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी निरीक्षक सुशान्त मिश्रले जनाउनुभएको छ। तत्कालीन कृषि विकास कार्यालय खोटाङ हुँदै कर्मचारी समायोजनका क्रममा रावाबेंसी गाउँपालिका पुगेका रेग्मीको श्रीमतीसहित चार छोरी र एक छोरा छन्। मृतक रेग्मी १६ महिनापछि अनिवार्य अवकाश लिने अवस्थामा थिए।

वैशाख-७ गते बिहान घरमा आफन्तहरूसँगै खाना खाएर कार्यालय गएका रेग्मी बेलुका घर नपुग्दै बाटैमा मृत फेला परेका हुन्।


## सिन्जा गाउँपालिका
Sinja Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नराकोट, जुम्ला, कर्णाली प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयबाट मिति २०८१/१२/०६ मा प्रकाशित सूचना अनुसार तपशिलको योजनाको लागि प्रस्तावक दरभाउदाताबाट प्राप्त सिलबन्दी दरभाउपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी निम्न दरभाउदाताको दरभाउपत्र स्वीकृत गर्ने आशयको सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कवोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM/SQ/SCHOOL/01/2081/082 | Procurement & Delivery Of Sanitary Pad | New JMB Order And Suppliers, Bageshwori-2, Nepalgunj, Banke | 3,33,790.80 NPR | - |

**टेक बहादुर शाही**
प्रमुख प्रशासकीय अधिकृत



नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा**

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२।०१।१०**

यस आयोजनाको बोलपत्र आह्वानको सूचना अनुसार तपशिलका निर्माण कार्यको लागि प्राप्त बोलपत्रहरुमध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही निम्न बोलपत्रदाताहरूको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | योजनाको नाम, ठेक्का नं. | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अंक (मु.अ.कर र प्रोभिजनल सम सहित) |
|---|---|---|---|
| 1. | Construction of Tourism Infrastructure and Community Building Works in Manakamana Dham, Khandbari Municipality-9, Sankhuwasabha PUDBC/DKT/NCB/WORKS/39/081/082 | Arun Barun Nirman Sewa Pvt. Ltd., Sankhuwasabha | 8,54,11,091.03 |
| 2. | Construction of Office Building of Project of Urban Development and Building construction, Dhankuta PUDBC/DKT/NCB/WORKS/40/081/082 | R.S. Nirman Sewa, Kavre | 3,02,37,275.39 |

**- आयोजना प्रमुख**

# खगेन्द्र र उपासनाको प्रेममा आँखा



दीपेन्द्र के खनालद्वारा निर्देशित फिल्म *के घर के डेरा : घर नं २* मा समावेश *आँखा* बोलको गीत सार्वजनिक गरिएको छ।

रिकेश गुरुङको स्वर रहेको गीतमा राम अविरल विष्टको शब्द रचना र एसडी योगीको संगीत रहेको छ। प्रेम जोडीको कथा भन्ने लिरिकल गीतको भिडियोमा फिल्मका मुख्य कलाकारमध्येका खगेन्द्र लामिछाने र उपासना सिंह ठकुरीलाई प्रस्तुत गरिएको छ। गीतको भिडियोमा प्रेमी र प्रेमिकाको आँखामा एकअर्काप्रति देखिएको प्रेम दर्शाइएको छ। जसमा फिल्मका केही फुटेज प्रस्तुत गरिएको छ।

आगामी जेठ २ गते रिलिज हुने सोसल ड्रामा फिल्मको कथा *कर्णाली ब्लुज, एक्लो* र *फिरफिरे* उपन्यासका लेखक बुद्धि सागरले लेखेका छन्। बुद्धि सागरले पहिलोपटक फिल्म लेखेका हुन्।

खगेन्द्र लामिछाने, निश्चल बस्नेत, उपासना सिंह ठकुरी, आर्यन सिग्देल, केकी अधिकारी, प्रकाश घिमिरे, सृजना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज विष्टलगायतका कलाकारले अभिनय गरेको फिल्म एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट र नटराज क्रिएसनको ब्यानरमा नकिमउद्दिन, शरद श्रेष्ठ र किरण महर्जनले निर्माण गरेका हुन्।

# सौगात र बेनिसाको सिटामोल

राज बहादुर सानेको निर्देशनमा निर्माणाधिन फिल्म *सिटामोल* आगामी साउन २३ गते रिलीजमा आउने भएको छ।

फिल्मको सार्वजनिक पोस्टरमा यसका मुख्य कलाकार सौगात मल्ल र बेनिशा हमाललाई प्रस्तुत गरिएको छ। सार्वजनिक पोस्टरमा सौगात बैशाखीको सहाराले हातमा रातो भाले समातेर उभिएका छन् भने उनको छेउमा बेनिशा बच्चा बोकेर प्रशन्न मुद्रामा देखिन्छन्। फिल्ममा सौगता र बेनिसा श्रीमान्-श्रीमतीको भूमिकामा छन्। माओवादी जनयुद्धको कथा उठाइएको फिल्ममा सौगातले जनयुद्धको घाइतेको भुमिका निवार्ह गरेका छन्। सौगात र बेनिशाका अलवा लोकेन्द्र लेखक, भुगोल कार्की,



हिउँवाला गौतम, दिनेश रेग्मी, समिप निरौला, जानुका विश्वकर्मा, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल, बालकलाकार करण नेपाली र आराध्या राज्यलक्ष्मी डिसीलगायतले अभिनय गरेको फिल्म तुल्सीदेवी फिल्म प्राली र जुनतारा फिल्म्स्को व्यानरमा भुगोल कुमार कार्की र विकाश राज जोशीले निर्माण गरिरहेका छन्। अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता तथा गंगाराम श्रेष्ठ सहनिर्माता रहेको फिल्ममा प्रदीप भारद्धाज र निर्देशक सानेको कथा, बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, देव महर्जन र शंकर महर्जनको द्धन्द्ध निर्देशन, दिव्य सुवेदीको छायाँकन र बन्दे प्रसादको सम्पादन रहेको छ।

# अभिनेत्री क्रिस्टनले

## महिलासँगै गरिन् बिहे



हलिउड फिल्म *ट्वाइलाइट*को श्रृंखलाबाट विश्वभर प्रख्यात अभिनेत्री क्रिस्टन स्टीवर्टले आफ्नी प्रेमीका एवम फिल्म लेखिका डिलन मेएरका साथ विवाह गरेकी छन्।

क्रिस्टनले लगभग ६ वर्षदेखि डिलन मेयरका साथ डेट गरिरहेकी थिइन्। अभिनेत्रीले महिलाका साथ विवाह गरेपछि उनीहरुको विवाहको तस्वरीले यति बेला सामाजिक सञ्जालमा खलबली मच्चाएको छ। धेरै वर्षअघि नै क्रिस्टनले आफू बाइसेक्सुअल भएको घोषणा गरेकी भए पनि धेरैलाई यो कुरा थाहा थिएन। ३५ वर्षीया स्टीवर्ट र ३७ वर्षीया मेयरले इस्टरको अवसरमा गत आईतवार लस एन्जलसस्थित घरमा विवाह गरेका हुन्।

तीन वर्षअघि इन्गेजमेन्ट गरेका क्रिस्टेन र डिलनको भेट एक फिल्ममा काम गर्ने क्रममा भएको थियो। सन् २०१९ मा उनीहरूको प्रेम सम्बन्धको हल्ला बाहिर आएपछि त्यसको केहि समयमा दुवैले इन्स्टाग्राममार्फत आफ्नो सम्बन्ध सार्वजनिक गरेका थिए। सन् १९९० मा अमेरिकामा जन्मिएकी क्रिस्टन १२ वर्षकै उमेरमा ग्ल्यामर दुनियाँमा प्रवेश गरेकी थिईन्।


## भुलसुधार गरेको बारे

यस कार्यालयको २०८२/०१/०४ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित काठ दाउरा बोलपत्रद्धारा सङ्कलन गरी घाटगद्दी गर्ने बारेको सुचनामा प्रकाशन मिति २०८२/०१/०४ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सबैमा जानकारी गराइन्छ।

डिभिजन वन कार्यालय, गोरखा



## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०१/१० गते नेपाल समाचारपत्र दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

### अत्तरिया, कैलाली शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०७०/०५/०३ मा प्रा.फ.र.नं. ७१३२/५४/०७०/७१ कायम भई दर्ता रहेको कैलाली जिल्ला, गेटा गा.वि.स वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **छाँया छबि निटिङ्ग एण्ड फेब्रिकेटर**।<br>**प्रोप्राईटर - दुर्गा खतिवडा**<br>ना.प्र.नं.- ३९०६५<br>जारी मिति - २०५७/०८/३० जि.प्र.का. कैलाली<br>बाबु - नन्द लाल खतीवडा<br>बाजे - चित्रखर खतीवडा<br>स्थायी ठेगाना- कैलाली जिल्ला फुलबारी गा.वि.स वडा नं. ०४<br>हालको ठेगाना- कैलाली जिल्ला गोदावरी न पा वडा नं. ०१ | १. **दुर्गा खतिवडा**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, गेटा गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ६४३ को क्षे.फ. ४७८.३२ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।<br>२. **दुर्गा खतिवडा**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, गेटा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ६९ को क्षे.फ. २५३.९५ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।<br>३. धनि कुमारी बैंक लि.र ऋणी **छाँया छबि निटिङ्ग एण्ड फेब्रिकेटर** कायम भई बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. MA3EUA61S00E59022, ई.नं. F8DN6212145 सवारी नं. प्र ०३ ०१ ०२२ च ५८६५ को Maruti Suzuki Car थान १। |

#### व्यक्तिगत जमानीकर्ताको विवरण

१. **भोज राज लम्साल**
ना.प्र.नं.- २९२१
जारी मिति -२०५०/०५/२९, जि.प्र.का. भोजपुर
बाबु - छविलाल लम्साल
बाजे - नेत्र बिनोद लम्साल
स्थायी ठेगाना- भोजपुर जिल्ला कउरेनीपानी गा.वि.स वडा नं. ०३
हालको ठेगाना- कैलाली जिल्ला गोदावरी न पा वडा नं. ०१

### पुतलीसडक शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **जुन देवी थापा**<br>ना.प्र.नं.- ५७५२९<br>जारी मिति - २०५९/०८/१६, जि.प्र.का. रामेछाप<br>बाबु - मकर बहादुर थापा<br>बाजे - दिप बहादुर थापा<br>स्थायी ठेगाना- रामेछाप जिल्ला, गोठगाउँ गा.वि.स./न.पा., वडा नं. ०४<br>हालको ठेगाना- ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. १० | १. ऋणी **जुन देवी थापा** तथा निज प्रोपाईटर रहेको **कृपा रेडिमेड सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक। |

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **खडग बहादुर कार्की**<br>ना.प्र.नं.- ६२७<br>जारी मिति - २०४१/०१/१५, जि.प्र.का. रामेछाप<br>बाबु - पुष्प बहादुर कार्की<br>बाजे - दल बहादुर कार्की<br>स्थायी ठेगाना- रामेछाप जिल्ला, देउराली गा.वि.स./न.पा., वडा नं. ०१<br>हालको ठेगाना- काठमान्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९<br>२. **बल बहादुर कार्की**<br>ना.प्र.नं.- ५१३३९<br>जारी मिति - २०५८/०८/१७, जि.प्र.का. रामेछाप<br>बाबु - पुष्प बहादुर कार्की<br>बाजे - दल बहादुर कार्की<br>स्थायी ठेगाना- रामेछाप जिल्ला, देउराली गा.वि.स./न.पा., वडा नं. ०१<br>हालको ठेगाना- काठमान्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९ | ३. **कुमल बहादुर कार्की**<br>ना.प्र.नं.- २१९९५<br>जारी मिति - २०४९/१२/२२, जि.प्र.का. रामेछाप<br>बाबु - पुष्प बहादुर कार्की<br>बाजे - दल बहादुर कार्की<br>स्थायी ठेगाना- रामेछाप जिल्ला, देउराली गा.वि.स./न.पा., वडा नं. ०१<br>हालको ठेगाना- काठमान्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९ |

| २. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **मिरा कुमारी गौतम**<br>ना.प्र.नं.- १९९७/३३५<br>जारी मिति - २०५१/१०/१९, जि.प्र.का. ईलाका प्र. शाखा उर्लाबारी, मोरङ्ग<br>बाबु - राम कृष्ण श्रेष्ठ<br>बाजे - टेक बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना- काठमान्डौ जिल्ला, का.म.न.पा., वडा नं. २८ | १. ऋणी **मिरा कुमारी गौतम** तथा निज प्रोपाईटर रहेको **शिबम रेडिमेड कपडा**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक। |

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **बद्री कुमार गौतम**<br>ना.प्र.नं.- १४८०७/४०२<br>जारी मिति - २०४६/०२/०३, जि.प्र.का. मोरङ्ग<br>बाबु - हिम बहादुर गौतम<br>बाजे - सिंह विर गौतम<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना- काठमान्डौ जिल्ला, का.म.न.पा., वडा नं. २८ | २. **शोभा पौडेल गुरुङ**<br>ना.प्र.नं.- ४३१०१३/२३४<br>जारी मिति - २०६९/०२/१७, जि.प्र.का. तनहुँ<br>बाबु - दिपक प्रकास पौडेल<br>पति - हर्क बहादुर गुरुङ<br>बाजे - केशर बहादुर पौडेल<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, देवघाट गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- काठमान्डौ जिल्ला, का.म.न.पा., वडा नं. १५ |

### गैंडाकोट, नवलपरासी (वर्दघाट सुस्तापुर्व) शाखा

#### १. ऋणीहरूको विवरण

| | |
|---|---|
| क. **सरस्वती भट्टराई घिमिरे**<br>ना.प्र.नं.- ३६२००५/३७३१<br>जारी मिति - २०७०/१०/२३, जि.प्र.का. नवलपरासी<br>बाबु - राम प्रसाद भट्टराई<br>बाजे - डिल्लीराम भट्टराई<br>पति - राजेन्द्र प्रसाद घिमिरे<br>स्थायी ठेगाना- गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. ०७, नवलपरासी<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०७, नवलपरासी (वर्दघाट सुस्तापुर्व) | ख. प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (वर्दघाट सुस्तापुर्व) मा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम मिति २०७७/०६/२९ मा उद्योग दर्ता नं. ९७३/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग अन्तर्गत आन्तरिक राजस्व कार्यालय कावासोती, नवलपरासी (वर्दघाट सुस्तापुर्व)बाट मिति २०७७/०६/२८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१४०२१९०९ कायम भई दर्ता रहेको नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला गैंडाकोट न.पा. वडा नं. ७ मा रजिष्टर्ड कार्यालय रहेको **नवचेतन कृषि तथा पशु फर्म।**<br>**प्रोपाइटर- सरस्वती भट्टराई घिमिरे** |

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **सरस्वती भट्टराई घिमिरे**<br>ना.प्र.नं.- ३६२००५/३७३१<br>जारी मिति - २०७०/१०/२३, जि.प्र.का. नवलपरासी<br>बाबु - राम प्रसाद भट्टराई<br>बाजे - डिल्लीराम भट्टराई<br>पति - राजेन्द्र प्रसाद घिमिरे<br>स्थायी ठेगाना- गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. ०७, नवलपरासी<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०७, नवलपरासी (वर्दघाट सुस्तापुर्व)<br>२. **राजेन्द्र प्रसाद घिमिरे**<br>ना.प्र.नं.- ८/१६७६<br>जारी मिति - २०४६/१०/२९, जि.प्र.का. नवलपरासी<br>बाबु - शोभाखर घिमिरे<br>बाजे - जगलाल घिमिरे<br>पत्नी - सरस्वती भट्टराई घिमिरे<br>स्थायी ठेगाना- गैंडाकोट गाउँ/नगर पंञ्चायत वडा नं. ०७, नवलपरासी<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०७, नवलपरासी (वर्दघाट सुस्तापुर्व | ३. **पुजन घिमिरे**<br>ना.प्र.नं.- ३६२००५/३७२४<br>जारी मिति - २०७०/१०/२०, जि.प्र.का. नवलपरासी<br>बाबु - राजेन्द्र प्रसाद घिमिरे<br>बाजे - जगलाल घिमिरे<br>स्थायी ठेगाना- गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. ०७, नवलपरासी<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०७, नवलपरासी (वर्दघाट सुस्तापुर्व) |

#### धितो सुरक्षणको विवरण

१. **राजेन्द्र प्रसाद घिमिरे**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासी मा दर्ता कायम रहेको साविक नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स. वडा नं. ७क (हाल नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला गैंडाकोट न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३९४ को क्षे.फ.०-१०-२-३ (रोपनी) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

| २. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **पम्फा कुमारी श्रेष्ठ**<br>ना.प्र.नं.- ७११००१७५<br>जारी मिति - २०५५/११/२६, जि.प्र.का. नवलपरासी<br>बाबु - पुर्ण बहादुर श्रेष्ठ<br>ससुरा - जगत बहादुर श्रेष्ठ<br>पति - बोध बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०५, नवलपरासी<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०५, नवलपरासी (वर्दघाट सुस्तापुर्व)। | १. **पम्फा कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय चितवन मा दर्ता कायम रहेको साविक चितवन जिल्ला देवौली गा.वि.स. वडा नं. १ङ (हाल चितवन जिल्ला रत्ननगर नगरपालीका वडा नं. ०४) स्थित कित्ता नं. १३९४ र १३९३ को क्षेत्रफल क्रमश: ११६.६१ (व.मी.) र १६९.३० (व.मी.)जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। |

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **बोध बहादुर श्रेष्ठ**<br>ना.प्र.नं.- ७११०३४९४<br>जारी मिति - २०५१/०५/०३, जि.प्र.का. सर्लाही<br>बाबु - जगत बहादुर श्रेष्ठ<br>बाजे - दिल बहादुर श्रेष्ठ<br>पत्नी - पम्फा कुमारी श्रेष्ठ<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०५, नवलपरासी (वर्दघाट सुस्तापुर्व)<br>२. **समिक्षा श्रेष्ठ**<br>ना.प्र.नं.- ३६२००५/४११०<br>जारी मिति - २०७२/०४/२४, जि.प्र.का. नवलपरासी<br>बाबु - बोध बहादुर श्रेष्ठ<br>बाजे - जगत बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना- गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. ०५, नवलपरासी।<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०५, नवलपरासी (वर्दघाट सुस्तापुर्व) | ३. **सागर श्रेष्ठ**<br>ना.प्र.नं.- ३६-०२-७४-०७५२८<br>जारी मिति - २०७४/०८/२४, जि.प्र.का. नवलपरासी<br>बाबु - बोध बहादुर श्रेष्ठ<br>बाजे - जगत बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०५, नवलपरासी<br>हालको ठेगाना- गैंडाकोट न.पा. वडा नं. ०५, नवलपरासी (वर्दघाट सुस्तापुर्व) |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

## सम्पादकीय

# गणतन्त्रको अवसान कि पुनरुत्थानको घडी ?

देश आज पुनः एक गम्भीर राजनीतिक संक्रमणको मोडमा उभिएको छ। गणतन्त्र स्थापनाको डेढ दशकपछि पनि जनताको जीवनस्तरमा आमूल परिवर्तन आउन नसक्नु, सत्तामा बसेकाहरूको निरन्तर स्वार्थमुखी खेल र विदेशी शक्तिहरूको बढ्दो हस्तक्षेपले गर्दा आम नागरिकमा गणतन्त्रप्रति वितृष्णा पैदा हुन शुरु भएको छ। गणतन्त्र ल्याउँदा जनताले समावेशिता, पारदर्शिता, सुशासन र समान अवसरको आशा गरेका थिए। तर आज ती सबै मूल्यहरू व्यवहारमा हराउँदै गएका छन्। दलहरूबीचको शक्ति सन्तुलनको संघर्ष, सत्ताको लोभमा गरिने अवैधानिक गठबन्धन र नीतिभन्दा पदको मोहले राजनीतिक जग नै खल्बलिएको छ। आन्तरिकरूपमा राज्यका अंगहरूबीच समन्वयको अभाव देखिएको छ। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका आफैँ असहमतिका सिकार भइरहेका छन्। सरकारहरू टिकाउ छैनन्, योजनाहरू दीर्घकालीन दृष्टिकोणबाट निर्माण हुँदैनन्। यही अस्थिरताको फाइदा उठाउँदै बाह्य शक्तिले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप बढाइरहेका छन्, चाहे त्यो राजनीतिक निर्णयमा होस् वा आर्थिक नीति निर्माणमा, चरम हस्तक्षेपको सिकार भएको छ नेपाल।

अर्कोतर्फ संघीयता र गणतन्त्रको नाममा जनतालाई बाँड्ने, भावनात्मकरूपमा टुक्र्याउने प्रवृत्ति पनि मौलाउँदै गएको छ। राष्ट्रिय एकता र पहिचान जोगाउनुको सट्टा दलहरूले आफ्नो भोट बैंक सुरक्षित गर्न सामाजिक विभाजनलाई झनै चर्काइरहेका छन्। यी सबै कारणले गर्दा आज आम जनतामा निराशा छाएको छ। उनीहरू सोच्न थालेका छन्, के राजतन्त्रमै राम्रो थिएन त ? यो प्रश्न केवल राजसंस्थाको पुनःस्थापनाको वकालत होइन, यो राज्यप्रति गहिरिँदो अविश्वासको प्रतिविम्ब पनि हो। तर समाधान न त अराजकतामा छ, न विगतको प्रतिगमनमा।

अब शासकहरूमा समयमै चेत नआए गणतन्त्र आफैँ संकटमा पर्न सक्छ। जनताले अपेक्षा गरेका परिवर्तनहरूलाई मूर्तरूप दिन, शासकहरूले आत्मसमीक्षा गर्न जरुरी छ। उनीहरूले सिद्धान्तमा मात्र होइन, व्यवहारमा सुशासन, जवाफदेहिता र जनउत्तरदायी शासन दिनुपर्छ। राजनीतिक दलहरूले आफ्नो चरित्र परिवर्तन गर्नुपर्छ, जनताको सेवामा समर्पित हुनुपर्छ। विकासको प्राथमिकता गाउँ–गाउँमा पुऱ्याइनुपर्छ र राष्ट्रिय स्वाभिमान कायम राख्न अन्तर्राष्ट्रिय सम्बन्धमा स्वतन्त्र र सन्तुलित दृष्टिकोण अपनाइनुपर्छ। यो गणतन्त्रको अन्त्यको शुरुवात हो कि पुनरुत्थानको घडी ? निर्णय नेतृत्वको विवेक र जनताप्रतिको प्रतिबद्धतामा निर्भर पर्ने देखिन्छ।

शासक फेरिए तर शासन शैली उस्तै रह्यो भन्ने बुझाइ जनमानसमा फैलिएको छ। दिनहुँको महँगी, बेरोजगारी, भ्रष्टाचार र निष्प्रभावी सरकारको अनुभवले गर्दा कतिपय जनतामा पुरानो शासन प्रणाली नै कम्तीमा अनुशासित थियो भन्ने सोच पलाउन थालेको छ। राजनीतिक दलहरूले आफ्नो आन्तरिक संरचना सुधार्नुपर्छ। लोकतन्त्र केवल चुनाव जित्ने माध्यम होइन, त्यो जनसेवाको मार्ग हो भन्ने कुरा नेताहरूले बुझ्नैपर्छ। राष्ट्रियता, समावेशिता र सामाजिक न्यायलाई व्यवहारमा उतार्न सक्नुपर्छ। त्यसका लागि केवल भाषण होइन, ठोस कार्य आवश्यक छ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख–रचना एवम् पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# शिक्षक आन्दोलनको जटिलता र समाधानको बाटो



सागर पण्डित

शिक्षकहरूले विगत २१ दिनदेखि आफ्नो पेसागत हक–अधिकारको सुनिश्चितता तथा सेवा–सुविधा वृद्धिको मागसहित काठमाडौं केन्द्रित आन्दोलन जारी राख्दै आइरहेका छन्। शिक्षक आन्दोलनका कारण सरकारी शैक्षिक क्षेत्र अस्तव्यस्त हुन पुगेको छ। भर्ना अभियान पूर्णरुपमा प्रभावित भएको छ भने लाखौं विद्यार्थीको भविष्य अन्यौलमा परेको छ। अभिभावकहरू प्रताडित र चिन्तित छन्। कक्षा १२ को परीक्षा जारी राख्ने निर्णय गरिए पनि परीक्षा दिने विद्यार्थीहरू मानसिकरुपमा आतंकित छन्।

देशको समग्र शिक्षा क्षेत्र अहिले एक गहिरो संकट र जटिलतामा फसेको छ। राजधानी काठमाडौंको सडक शिक्षक आन्दोलनका कारण २१ दिनदेखि अस्तव्यस्त छ। आन्दोलनरत शिक्षकका कारण विद्यालयहरू ठप्प हुँदा लाखौं विद्यार्थी र तिनका अभिभावक एक अनुत्तरित प्रश्नको भुमरीमा छन्– अब के होला ? हाम्रो भविष्य कुन दिशामा जाला ? शिक्षालयहरू सुनसान छन्, कक्षाकोठा रित्तिएका छन् र विद्यार्थीको अनुहारमा डर, अन्यौल र निराशा छ।

शिक्षकहरूका कतिपय माग जायज छन्, यसमा कुनै द्विविधा छैन। त्यस्ता जायज माग सम्बोधन गरिनुपर्छ। उनीहरूको माग जायज हुँदाहुँदै पनि हालको आन्दोलनको गलत स्वरुपले उनीहरूप्रति आम अभिभावकमा आक्रोश पैदा भइरहेको छ। विद्यालय नै बन्द गरेर आन्दोलनको बाटो रोज्नु भनेको हजारौं निर्दोष विद्यार्थीको भविष्यमाथि बर्बादी गर्नु हो, जुन शिक्षा पेसाको मर्यादासँग मेल खाँदैन।

### आन्दोलनको शैलीमा पुनर्विचार आवश्यक :

शिक्षक आन्दोलन अहिले जुन मोडमा आइपुगेको छ, त्यसले न आन्दोलनलाई दिगो बनाउने संकेत दिन्छ, न शिक्षकको गरिमालाई जोगाउने सम्भावना देखिन्छ। 'मेरो गोरुको बाह्रै टक्का' भन्ने शैलीमा अघि बढ्दा, भुइँको टिप्ने प्रयासमा खल्तीसमेत पोखिने खतरा शिक्षकहरूले बुझेको जस्तो देखिँदैन। शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएपछि शिक्षकहरूको आन्दोलन झनै रक्षात्मक अवस्थामा पुगेको छ। मन्त्रीले शिक्षकहरूको मागहरूलाई सम्बोधन गर्ने गरी कार्ययोजना नै बनाउनुभएको थियो। तर आन्दोलित पक्षले समेत मन्त्रीको अपमान गर्ने र सरकारले उहाँको कुरा नसुनेपछि दोहोरो चपेटामा परी मन्त्री भट्टराईले राजीनामा दिनुभएको बुझिएको छ। आन्दोलनरत शिक्षकहरूले शिक्षामन्त्रीमार्फत नै धेरै उपलब्धिहरू हासिल गर्न सक्थे तर अब उनीहरूले त्यस्तो अवसर गुमाएका छन्।

शिक्षा पेसा एउटा पवित्र जिम्मेवारी हो, जुन समाजका भविष्य निर्माताहरूको हातमा सुम्पिएको हुन्छ। यस्तो बेला विद्यालय बन्द गरेर आन्दोलन गर्नु भनेको पाठशालालाई रणभूमिमा परिणत गर्नु हो। आन्दोलनको स्वरूपमा सशक्त परिवर्तन आवश्यक छ– विद्यालय चलाउँदै, शिक्षण पेसा निर्वाह गर्दै, अधिकारका लागि बहस गर्न सकिने अनेक बाटा छन्। विद्यालय बन्द गर्ने अडान अब अस्वीकार्य छ, निन्दनीय छ।

### अभिभावकहरूको प्रतिकार महँगो साबित हुन सक्ने :

काठमाडौंमा शिक्षकहरूको आन्दोलनको स्वरुप परिवर्तनको माग गर्दै अभिभावकहरू विरोध र प्रतिकारमा उत्रन थालेका छन्। काठमाडौंमा त्यसरी प्रतिकारमा उत्रिएका एक अभिभावकमाथि केही शिक्षकहरूले हातपातसमेत गरेका छन्। यो शिक्षकको लागि पक्कै पनि शोभनीय कुरा होइन। अभिभावकहरूले शिक्षकको मागप्रति समर्थन जनाए पनि विद्यालय नै बन्द गरेर सबैजना आन्दोलनमा आउने कार्यको घोर विरोध गरिरहेका छन्। विद्यालय पनि सञ्चालन हुने र आन्दोलन पनि जारी राख्ने काम हुनुपर्छ भन्ने आम अभिभावकको चाहना रहेको छ। तर अभिभावकको यो चाहना विपरीत यदि शिक्षकहरूले लामो समयसम्म विद्यालय नै बन्द गरेर आन्दोलन गर्दै अघि बढे भने उनीहरूको विरुद्ध देशभरका अभिभावकहरू प्रतिकारमा उत्रने र त्यो शिक्षकहरूका लागि निकै महँगो साबित हुने निश्चित छ।

> विद्यालय पनि सञ्चालन हुने र आन्दोलन पनि जारी राख्ने काम हुनुपर्छ भन्ने आम अभिभावकको चाहना रहेको छ। तर अभिभावकको यो चाहना विपरीत यदि शिक्षकहरूले लामो समयसम्म विद्यालय नै बन्द गरेर आन्दोलन गर्दै अघि बढे भने उनीहरूको विरुद्ध देशभरकाअभिभावकहरू प्रतिकारमा उत्रने र त्यो शिक्षकहरूका लागि निकै महँगो साबित हुने निश्चित छ।

### परीक्षा बोर्डको निर्णय स्वागतयोग्य :

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा शिक्षकविना नै निजामती कर्मचारी तथा प्रहरीको निगरानीमा सञ्चालन गर्ने निर्णय गरेको छ। शिक्षकहरूको आन्दोलनमा सरकारको यो निर्णयले पनि धक्का दिएको छ। शिक्षकहरूले सरकारलाई अप्ठ्यारोमा पारेर आफ्ना जायज, नाजायज माग पूरा गराउने ध्याउन्नमा लागेको देखिन्छ तर सरकार शिक्षकका सबै माग कुनै हालतमा पनि पूरा गर्न नसकिने र केही माग भने पूरा गरिने गरी अघि बढेको छ। शिक्षकहरूकै मागअनुसार सरकारले बजेट अधिवेशनकै बेलामा शिक्षा विधेयक ल्याउने प्रतिबद्धता व्यक्त गरिसकेको छ। शिक्षकहरूले १२ कक्षाको परीक्षा रोक्ने षड्यन्त्र गरे पनि अन्ततः असफल भएका छन्। अब बोर्डले निर्धारित समयमा नै १२ कक्षाको परीक्षा सम्पन्न गराउनुपर्छ। त्यसका लागि सरकारका सबै संयन्त्रहरू प्रयोग गर्न सक्नुपर्छ। ५ लाखभन्दा बढी विद्यार्थीको हितका लागि शिक्षकहरू आन्दोलनरत अवस्थामा हुँदा पनि परीक्षा तोकिएकै मितिमा गर्नुपर्ने बाध्यता थियो, तर यस्तो कदमले शिक्षकहरूमा थप असन्तोष भने थपेको छ। तर प्रश्न यहाँ पनि उठ्छ– परीक्षा स्थगित गरिनुपर्ने थियो त ? विद्यार्थीको भविष्यलाई फेरि अनिश्चित बनाउनु कत्तिको जिम्मेवार निर्णय हुन्थ्यो त ? पक्कै पनि त्यस्तो कार्यले आम विद्यार्थीको भविष्यलाई अँध्यारोतर्फ लैजाने निश्चित थियो।

### अभिभावक र विद्यार्थी सबैभन्दा बढी पीडित :

शिक्षक र सरकारबीचको तानातानमा सबैभन्दा बढी पिल्सिएको वर्ग भनेको विद्यार्थी र अभिभावक हो। दिनरात खटिने, छोराछोरीका लागि सपना बुनेका आमाबुबाहरू आज एकतमासको अन्यौलमा छन्। बच्चाहरू पढाइबाट टाढा छन्, परीक्षा अन्यौलमा छ र मानसिक तनावले सिकाइ क्षमतामै असर पारिरहेको छ। शिक्षक र सरकार दुवैको दायित्व हो– यी अभिभावक र विद्यार्थीका आँसु पुछ्ने, आश्वस्त बनाउने र तिनको भविष्य सुनिश्चित गर्ने।

### शिक्षकको जिम्मेवारी : पवित्रता जोगाउने चुनौती :

शिक्षकहरूले आन्दोलन गरेर विगतका संघर्षबाट प्राप्त उपलब्धिलाई जोखिममा पारिरहेका छन्। शिक्षक पेसा केवल तलब, सुविधा र सुरक्षाको कुरा मात्र होइन, यो पेसा एक सामाजिक दायित्व हो। आज जब देशका हजारौं अभिभावक आफ्ना सन्तानको भविष्यप्रति चिन्तित छन्, तब शिक्षकहरू अझ बढी जिम्मेवार बन्न आवश्यक छ।

हप्तौंसम्म विद्यालय बन्द गरेर अभिभावक र विद्यार्थीलाई नै अन्यौल र चिन्तित पार्दै गरिएको आन्दोलनले जनताको सहानुभूति गुमाउँदै गएको छ। शिक्षकको हकको आन्दोलन जनताको हकको बलिदानमा परिणत हुनु भनेको आफ्नै पेसाको पवित्रता लत्याउनु हो।

### समाधानविनाको आन्दोलन दीर्घकालीन बन्न सक्दैन :

लामो समयसम्म आन्दोलन राख्नु न शिक्षकको हितमा छ, न सरकारको। न अभिभावक र विद्यार्थीको हितमै छ। यो आन्दोलन अब निर्णायक मोडमा छ– या त समाधानको मार्गमा अग्रसर हुन्छ, या समाजको धैर्यतालाई चुडाउँछ। यदि शिक्षकहरू अझै पनि अटेरीपूर्वक अघि बढे भने सरकारलाई पनि कठोर निर्णय लिन बाध्य तुल्याइनेछ। र, त्यो अवस्था न सरकारका लागि शुभ हुन्छ, न शिक्षक समुदायका लागि। यस्तो अवस्था आउन नदिन सरकार र शिक्षकहरू दुवै पक्ष संवेदनशील बन्नुपर्छ।

### अबको बाटो के ?

अब सरकार र शिक्षक दुवै पक्षले भावनात्मक होइन, तर्क र विवेकको मार्ग रोज्नुपर्छ। शिक्षकहरूले अब विद्यालय खोल्ने, नियमित पठनपाठनमा फर्कने र आन्दोलनलाई वैकल्पिक तरिकाबाट अघि बढाउने बाटो रोज्नुपर्छ। 'शिक्षा सेवा' भन्ने नैतिक धरातलमा उभिएका शिक्षकहरूले यसअघि पनि धेरै आन्दोलनहरू विद्यालय चलाउँदै शालीन र प्रभावकारीरूपमा गरेका छन्। अहिले पनि त्यो सम्भव छ, विद्यालय चलाउँदै, राष्ट्रिय स्तरमा सचेतनात्मक र नैतिक दबाब सिर्जना गर्ने तथा विद्यालयबाट पालैपालो शिक्षकहरू आन्दोलनमा आएर अनशन बस्ने गरेर पनि आन्दोलनलाई जारी राख्न सकिन्छ।

सरकारले पनि शिक्षकमाथिको पुरानो नजरिया परित्याग गर्नुपर्छ। सरकारले दमन गरेर बेवास्ता गरेरै शिक्षकलाई तह लगाउँछु भन्ने गलत सोच किमार्थ पनि राख्नुहुँदैन। यदि त्यस्तो सोच राखिए त्यो सरकारकै लागि प्रत्युत्पादक हुन सक्छ।

यो आन्दोलनले शिक्षकहरूको पीडा, असन्तुष्टि र आक्रोशलाई स्पष्ट रूपले बाहिर ल्याएको छ। अब वार्ताको ढोका पूरा रुपमा खोलिनुपर्छ। उनीहरूका मागमध्ये कति माग तत्काल पूरा गर्न सकिने र कति केही समयपछि पूरा गर्न सकिने र कतिपय मागहरू पूरा गर्नै नसक्ने छन् भने पनि त्यसका बारेमा स्पष्ट खाका कोरिनुपर्छ।

### संयम, संवाद र समाधान नै विकल्प :

आजको संकट केवल शिक्षकको आन्दोलन होइन, यो शिक्षाको भविष्यप्रति उठेको गम्भीर प्रश्न हो। सरकार र शिक्षक दुवैले अब गहिरो आत्ममूल्यांकन गर्नुपर्छ। शिक्षकहरूले आन्दोलनको स्वरूप परिवर्तन गरेर विद्यालय खोल्नुपर्छ। सरकारले वार्तालाई निष्कर्षमुखी बनाउनुपर्छ। आवश्यकता परेमा तटस्थ संयन्त्र बनाएर विवाद समाधान गरिनुपर्छ।

किनभने अन्त्यमा पीडित न शिक्षक हुनेछन्, न सरकार पीडित हुन्छ। ती लाखौं विद्यार्थी, जसका किताब अहिले बन्द छन् र सपना अधुरो बन्न लागेको छ। तिनै विद्यार्थी पीडित हुनेछन्। अब पनि नबुझिए, अब पनि नसुध्रिए, अब पनि 'जुनको जुन' चलिरह्यो भने शिक्षा क्षेत्रले धेरै ठूलो मूल्य चुकाउनुपर्नेछ, जुन समग्र मुलुककै लागि ठूलो दुर्भाग्य हो। त्यसैले शिक्षक आन्दोलनको निकास शीघ्रभन्दा शीघ्र खोजिनु जरुरी छ। किनकि यसले मुलुकको भावी नेतृत्व निर्माण गरिरहेका बालबालिकाको अधिकारसँग सरोकार राख्छ। त्यसैले शिक्षक आन्दोलन कुनै राजनीतिक द्वन्द्व होइन, यो सामाजिक संवेदनशीलता र दीर्घकालीन विकाससँग जोडिएको महत्वपूर्ण मुद्दा हो। अतः दुवै पक्षले परिपक्वता, जिम्मेवारी र संवादको बाटो अँगालेर समाधानतर्फ अग्रसर हुनु आजको अहम् आवश्यकता हो।

# सुन्दर कान्तिपुर अब धूलो, धुवाँ र कङ्क्रिटको शहर



महेन्द्रकुमार शाक्य

बोधिसत्व महामञ्जुश्रीले पवित्र नागदहलाई तलाउ नै रहन दिनुभएको भए कस्तो हुन्थ्यो होला काठमाडौं ? वरिपरि पहाड अनि पहाडैभरि बस्ती, बीचमा ठूलो तलाउ, कति सुन्दर हुन्थ्यो होला काठमाडौं ? त्यति बेला बोधिसत्व मञ्जुश्रीले अहिले जसरी काठमाडौं प्रदूषित र कुरूप हुन्छ भन्ने थाहा पाएको भए पक्कै पनि चोभारको डाँडा काट्नुहुने थिएन होला। आज उहाँ कतै देवलोकतिर हुनुहुन्छ भने पक्कै पनि नागदहको पानी बाहिर निकालेकोमा पश्चात्ताप गरिरहनुभएको हुनुपर्छ।

तिब्बती भाषामा हिमाली क्षेत्रमा रहेका काठमाडौंजस्ता उपत्यकाहरूलाई 'बेयुल' अथवा लुकेको देवभूमि/पवित्रभूमि भनेर भनिन्छ। यति सुन्दर, विशाल र उर्वर भूमि भएको काठमाडौं उपत्यका वास्तवमा देवभूमि नै हो। स्वयम्भू–पुराणका अनुसार, प्राचीनकालमा काठमाडौं उपत्यका एउटा ठूलो तलाउ थियो, जसलाई 'नागदह' भनिन्थ्यो। काठमाडौंलाई घेरेर रहेका पहाडहरू अनि यहाँको मलिलो, कालो, तलैया माटोले पनि यसलाई पुष्टि गर्छ। तिब्बतबाट आएका बोधिसत्व महामञ्जुश्रीले आफ्नो तरबारले चोभारको डाँडो काटेर पानी निकालेको र यहाँ मानवबस्ती बसालेको किंवदन्ती छ। डाँडा काटेको चोभारको खोँच आज काठमाडौंको एउटा ऐतिहासिक सम्पदा बनेको छ र महत्त्वपूर्ण पर्यटकीय गन्तव्य पनि बनेको छ।

२०३० सालमा सङ्खुवासभाको तुम्लिङटार विमानस्थलबाट ४५ मिनेटको हवाई–उडानबाट म पहिलोपटक कान्तिपुरी नगरी अर्थात् काठमाडौं शहर आएको थिएँ। चैत्र–वैशाखको समयमा पनि हिउँदेबाली, तरकारीहरूले हराभरा, आहा कति रमणीय देखिन्थ्यो काठमाडौं शहर र पूरा उपत्यका! माथि हवाई जहाजको झ्यालबाट देखिने ती दृश्यहरू साँच्चिकै रोमाञ्चक लाग्थे। हाम्रो गाउँतिर त्यस बेलासम्म हिउँदेबाली लगाउने चलन थिएन। मैले त्यो उमेरसम्म त्यति धेरै समथर मिलेको जमिन देखेको थिइन। रसिलो, रमणीय, आहा ! यस्तो सुन्दर ठाउँ पनि हुँदो रहेछ जस्तो लागेको थियो मलाई त्यति बेलाको काठमाडौं उपत्यका। मङ्गलबजारको तरकारी बजार, मन्दिरको पेटीमा बेचिराखेका सेतो काउलीका फूल अनि काउली किनेर फर्कँदा काउलीको पात खान पछि–पछि आउने सेतो भीमसेनलाई चढाएका ठूल्ठूला बोकाहरू, अहिले सम्झँदा पनि कति रमाइलो लाग्छ ती क्षणहरू !

तर त्यो सुन्दर कान्तिपुरी नगरी अहिले विश्वमा सबैभन्दा प्रदूषित शहर बनेको छ। त्यति बेलाको सुन्दर मानवबस्ती कान्तिपुरी नगरी अहिले महाविशाल तर महाप्रदूषित र अस्तव्यस्त कङ्क्रिटको शहरमा परिणत भएको छ। वायु प्रदूषणको स्तर विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको स्तरभन्दा ४.९ गुणा बढेर यो नगरी विश्वमै सबैभन्दा प्रदूषित शहरमध्ये अग्रपंक्तिमा आउने शहर बनेको छ। खस्कँदै गएको काठमाडौंको वायुको गुणस्तरले लाखौं नेपालीहरूको स्वास्थ्यमा गम्भीर चुनौती थपेको छ। विश्व स्वास्थ्य संगठनले काठमाडौंको बढ्दो वायु प्रदूषणलाई मृत्यु र अपाङ्गताको प्रमुख कारक ठानेको छ।

मैले एक दशकभन्दा पहिले युवा–लेखक प्रसिद्ध कणेलको एउटा लेख पढ्ने मौका पाएको थिएँ। उक्त लेखमा उहाँले 'काठमाडौंको वायु चुरोटको धुवाँभन्दा पनि हानिकारक भएको' उल्लेख गर्नुभएको थियो। अहिले खोलानाला अतिक्रमण गरेर बनाइएका घर, अनियन्त्रित संरचनाहरूको कारण बाढीको प्रकोप पनि त्यत्तिकै बढेको छ। वर्षासँगै बस्तीहरूमा पानी पस्ने क्रम पनि अनपेक्षितरूपमा बढेको छ। वातावरणमा आएको ह्रास र अतिक्रमण गरेर बनाइएका घर–टहराहरूको कारण गत असोज महिनामा आएको तीन दिनसम्मको विनाशकारी बाढीको वितण्डाले दुई सयभन्दा बढी व्यक्तिको ज्यान गयो, हजारौं घरहरू, ऐतिहासिक सम्पदा–स्थलहरू डुवानमा परे र नदी तथा खोलाकिनारका तमाम बाटाहरू बगाएको घटना हामी सबैका मनमा ताजा नै छन्।

तीन दशकभन्दा बढीको प्रतीक्षापछि आएको मेलम्चीको पानीले पनि खानेपानीको समस्या समाधान गर्न सकेको छैन। ट्याङ्करको पानी किनेर खानुपर्ने अवस्था कायमै छ भने जमिनको पानीको सतह निक्कै तल झरेकोले पहिले बनाएका पानी तान्ने पम्पहरूबाट पानी आउन छाडेको छ। वायु प्रदूषण, ध्वनि प्रदूषण, पानी प्रदूषण, बढ्दो फोहरमैला र अव्यवस्थापनजस्ता समस्याले यहाँका बासिन्दाहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ। विद्यालय जाने बालबालिकाको स्वास्थ्यमा पनि गम्भीर असर परिरहेको छ। यति भएर पनि नेपालभरिका सबैलाई काठमाडौंमै घर चाहिएको छ, यतै बस्नुपरेको छ। काठमाडौंको जनसङ्ख्या सन् १९९० मा जम्मा ४ लाख थियो, त्यो संख्या सन् २०१५ मा १२ लाख पुगेको थियो र अहिले त्यही संख्या १७ लाखभन्दा बढी भएको बताइन्छ। यो क्रम अझ तीव्र गतिमा बढिरहेको छ। त्यति उर्बर काठमाडौंको जमिन अहिले कङ्क्रिटले छोपिएको छ, सुन्दर र हरित उपत्यका अहिले कुरूप र सुख्खा बनेको छ।

> सुन्दर कान्तिपुरी नगरी अहिले विश्वमा सबैभन्दा प्रदूषित शहर बनेको छ। त्यति बेलाको सुन्दर मानवबस्ती कान्तिपुरी नगरी अहिले महाविशाल तर महाप्रदूषित र अस्तव्यस्त कङ्क्रिटको शहरमा परिणत भएको छ। वायु प्रदूषणको स्तर विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको स्तरभन्दा ४.९ गुणा बढेर यो नगरी विश्वमै सबैभन्दा प्रदूषित शहरमध्ये अग्रपंक्तिमा आउने शहर बनेको छ।

देश सङ्घीयतामा गएको पनि झन्डै डेढ दशक पुगेको छ। सङ्घीय गणतन्त्रअन्तर्गत बनेका सातवटा प्रदेशहरूले पनि देशले धान्नै नसक्ने आर्थिक बोझ थप्नेबाहेक काठमाडौंको बढ्दो जनसङ्ख्याको चापलाई अलिकति पनि कम गर्न सकेको छैन। देशमा सबैभन्दा महँगा र राम्रा अस्पताल, डाक्टर, विद्यालयहरू काठमाडौंमै केन्द्रित छन्। अनि सबै नेपाली यहाँ बसोबास गर्न लालायित किन नहोऊन? सङ्घीय संविधान लागू भएको यतिका वर्ष भइसकेर पनि सङ्घीय संविधानको भावनाअनुसार शक्ति विकेन्द्रीकरण हुन नसकेको आरोप प्रदेशका जनप्रतिनिधिहरूले लगाएको पाइन्छ।

देश, गाउँ, शहर व्यवस्थित गर्न अनुशासन चाहिन्छ, सामाजिक चेतना, सामुदायिक भावना आवश्यक हुन्छ। हाम्रो देशका नेता, दलहरू कसैको पनि देश र जनतासँग प्रत्यक्ष सरोकार राख्ने यी र यस्ता विषयहरूमा ध्यान गएजस्तो लाग्दैन। बालबालिकाहरूलाई यी सबै कुरा सिकाउने जिम्मेवारी लिएका महँगा विद्यालयहरूकै गाडी धुवाँ छोडेर हुँइकिइरहेको देख्दा विरक्त लाग्छ। कमसेकम शिक्षाको जिम्मा लिएका शिक्षित वर्ग/समूहहरूबाट त वातावरणका यस्ता कुराहरू उल्लङ्घन नगरिदिए कति उदाहरणीय हुने थियो ! यसको अतिरिक्त प्लास्टिकलगायतका फोहोरहरू जताततै फाल्ने र जलाउनेहरू पनि हाम्रो समाजमा कम छैनन्। यसरी जथाभावी फोहोर जलाउनेहरूलाई जरिवाना गर्न शुरु नगरेसम्म यस्तो विकृत अभ्यास हट्नेवाला छैन। बिजुली गाडीहरू (ईभी) मा कर घटाएर वातावरणमैत्री गाडीको खपत बढाउनु पनि अति जरुरी छ।

अध्ययनको सिलसिलामा अस्ट्रेलियाको क्यानबेरामा रहँदा मैले कहिल्यै पनि स्कुल बसहरू कुदेको देखिन। त्यहाँ सरकारले शहरका ठाउँ–ठाउँमा राम्रा सरकारी विद्यालयहरू सञ्चालन गरेको हुनाले विद्यार्थीहरूले हाम्रो देशमा जस्तो बस चढेर टाढा–टाढा विद्यालय धाउनुपर्दैन। प्रायजसो सबै साइकलमा या त पैदल नै विद्यालय जान्छन्। हाम्रो छोरालाई पनि सेकेन्ड ह्यान्ड साइकल किनिदिएका थियौं र ऊ साइकलमै जाने–आउने गर्थ्यो। हाम्रोमा जस्तो गाडीले हानिदेला कि भन्ने डर त्यहाँ कहिल्यै भएन।

काठमाडौंमा त अविभावकहरूलाई घरको ढोकामै आएर लैजाने र छाड्ने गाडी चाहिएको छ। वालबालिकाहरूलाई लैजान एउटा सानो बस्तीमा पनि दर्जनौं स्कुल बसहरू दगुर्ने गर्छन्। उनीहरूलाई विद्यालय पुग्न र घर फर्कन घण्टौं बसको यात्रा गर्नुपर्छ। यी बस्ती–बस्तीका साँघुरा बाटाहरूमा हुइँकिने स्कुल बसहरूले वातावरण प्रदूषण बढाउने मात्र हैन, बिहान हिँडडुल (मर्निङ–वाक) गर्न निस्कने ज्येष्ठ नागरिकहरूको सुरक्षामा पनि गम्भीर चुनौती थपेका छन्। हाम्रो देशमा पनि सरकारले शहरको निश्चित क्षेत्रभित्रका बालबालिकाहरूलाई त्यसै क्षेत्रभित्र अध्ययन गर्न स्तरीय र सर्वसुलभ विद्यालयको व्यवस्था गर्ने हो भने यसले वातावरण राम्रो मात्र बनाउँदैन, डिजेल–पेट्रोलमा खर्च हुने राष्ट्रको करोडौं सम्पत्ति जोगाउन पनि टेवा पुग्नेछ। साथै, केही हदसम्म ट्राफिक समस्या कम गर्न पनि यस परिपाटीले राम्रो योगदान गर्ने थियो। यस्तो हुन सके सबैभन्दा महत्वपूर्ण कुरा त हाम्रा प्यारा बालबालिकाले रिङ्गटै लाग्ने गरी घण्टौं बस चढ्नुपर्ने थिएन। यसमा सम्बन्धित स्थानीय तह, प्रदेश सरकार, सङ्घीय मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग सबैको ध्यान जान जरुरी छ। हाम्रो बेवास्ता र लापर्वाहीले काठमाडौं उपत्यकालाई थप प्रदूषित बनाउनुहुँदैन। यहाँको प्रदूषित र विषाक्त वायुले जनताको स्वास्थ्यमा अझ असर पार्नेछ। यसबाट ठूला नेताहरू पनि अछूतो रहलान् जस्तो लाग्दैन। बोतलको पानी विदेशबाट ल्याएजसरी श्वास फेर्न हावा विदेशबाट ल्याउन सम्भव भएजस्तो लाग्दैन।

**(लेखक शाक्य लुम्बिनी बौद्ध विश्वविद्यालयका पीएचडी स्कलर हुनुहुन्छ।)**

## लघुकथा

### आवेग

'मध्यरातको समयमा कसले फोन गऱ्यो हँ ?' भन्दै उनले फोन हेरे।

नेपालबाट दाजुले गर्नुभएको रहेछ।

दाजुले भन्नुभयो, 'ल, ल! जति सक्छौ छिटो मिलाएर आउनुपऱ्यो। कान्छो छोरा बिरामी भएर आईसीयुमा भर्ना गरिराखेको छ।'

राति नै टिकटको लागि अनलाइन चहारे। श्रीमान् मोबाइलमै बिजी भए, के भएको हो ? भनेर श्रीमतीलाई चिन्ता पऱ्यो। कामकुरा सबै थाँती राखेर एयरपोर्ट पुगे। चारैतिर कल गरेर उनी बुझ्दै थिए।

श्रीमतीले बिलौना गरिन्, 'यिनैका लागि भनेर दुवैजना विदेश आइयो। एउटाले नछोडेको भए नि हुन्थ्यो। कमसेकम आफ्नो आँखाअगाडि त रहन्थे। मेरो त हातखुट्टै लागेको छैन। सामान्य बिमारी भएको भए दाजुले किन हिँडिहाल भन्नुहुन्थ्यो र ?'

काठमाडौं एयरपोर्टबाट उनले आत्तिदै दाजुलाई फोन गरे, 'कुन हस्पिटल आउने हो ?'

दाजुले भने, 'तिमीहरू नआत्तीकन घर आओ, अहिले होस आएको छ।'

घरमा पुग्दा मान्छे भरिभराउ थिए। बिरामी हेर्न आएका होलान् भनेर दाजुलाई छोराको बारेमा सोधे, 'छोरा अस्पतालमै छ कि घर ल्याएको हो ?'

दाजुले भने, 'अब छोरो रहेन, भाइ ! केटीको चक्करमा मोरोले सुसाइड गऱ्यो।'

- **भूमिका गैरे**

तिमिल्सिना गैंडाकोट–४, नवलपुर

## यस्ता छन् उच्चस्तरीय शासकीय सुधार आयोगको १६ कार्यक्षेत्र

१. सार्वजनिक सेवा प्रवाहलाई सरल, पहुँचयोग्य, मितव्ययी र झञ्झटरहित बनाउने विषय।
२. सार्वजनिक सेवा प्रवाहमा संलग्न निकायहरूको भौतिक तथा मानवीय संरचना, कार्यविधि र प्रविधिलाई सेवाग्राहीमैत्री विषय।
३. सरकारी निकायहरूबाट हुने निर्णय प्रक्रियालाई छिटो छरितो, नतिजामूलक र सरल बनाउने।
४. कार्यसम्पादनमा ढिलासुस्ती र दोहोरोपना हटाउन तहगत र निकायगत अन्तर-समन्वय सुनिश्चितता गर्ने विषय।
५. तीन तहका सरकारबीचको सहकार्य र समन्वयलाई सुदृढ बनाउने विषय।
६. संघीयताको प्रभावकारी कार्यान्वयन गर्न विद्यमान प्रशासनिक संरचना (निजामती, सुरक्षा निकाय, संस्थान, समिति, बोर्डलगायत), कार्यप्रक्रिया एवम् त्यसलाई निर्देशित गर्ने कानुनहरूमा गर्नुपर्ने सुधारका विषयहरू पहिचान गर्ने विषय।
७. सुशासनसम्बन्धी ऐन र कानुनमा गर्नुपर्ने सुधारका कार्यहरू पहिचान गर्ने विषय।
८. नेपालको निजामती सेवालाई सक्षम, उच्च मनोबलयुक्त र उत्तरदायी बनाउने विषय।
९. निजामती कर्मचारीका लागि तालिम दिने संस्थाहरू र ती संस्थाहरूबाट दिइने तालिमको प्रभावकारिताको विश्लेषणसहित तालिमलाई बढी समावेशी बनाइने विषय।
१०. सार्वजनिक व्यवस्थापनका नयाँ आयाम, नवीनतम मोडेल, नयाँ प्रविधिहरूलाई नेपालको सार्वजनिक प्रशासनमा आत्मसात् गर्ने तथा सार्वजनिक क्षेत्रमा नवप्रतिभाहरूको आकर्षण बढाउने विषय।
११. सरकारी निकायहरूमा पुँजीगत खर्च बढाउन सक्षम तुल्याउने र अनावश्यक प्रशासनिक खर्च कम गर्नआवश्यक निर्णय लिने विषय।
१२. विकास आयोजनाहरूलाई तोकिएको समय र लागतभित्र सम्पन्न गर्न अवलम्बन गर्नुपर्ने नीतिगत, कानुनी र प्रशासकीय निर्णय लिने विषय।
१३. सार्वजनिक प्रशासनलाई दबाब र प्रभावबाट मुक्त राखी व्यावसायिकतामा आधारित संयन्त्रका रूपमा विकास गर्ने।
१४. प्रशासन र राजनीतिबीचको सम्बन्ध र कार्यक्षेत्र स्पष्ट पार्ने विषय।
१५. भ्रष्टाचारविरुद्धको शून्य सहनशिलतालाई समाज, राजनीति, प्रशासन लगायत सबै क्षेत्रमा संस्थागत गर्न चाल्नुपर्ने उपायहरू पहिचान गर्ने विषय।
१६. आयोगले उपयुक्त ठानेका अन्य विषयहरू।

### संघीय...

सरकारले मुलुक एकात्मक शासन प्रणालीबाट संघीय शासनप्रणालीमा रूपान्तरित भएसँगै सार्वजनिक प्रशासनलाई पनि तदनुसार पुनः संरचना गरी तीनवटै तहमा व्यवस्थित गर्ने प्रयास जारी राख्दै आइएको जनाइएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा सञ्चालित हुने कुराको स्पष्ट निर्देशन गरे पनि सो अनुसार हुन सकेको छैन। यस्तै तीन तहको सरकारबीच काममा दोहोरोपना नहुने गरी सहकार्य र समन्वयलाई सुदृढीकरण गर्ने, प्रशासनिक संरचनाहरूलाई चुस्त र छरितो तुल्याउने, जनशक्तिको सन्तुलित व्यवस्थापन गर्ने तथा सार्वजनिक स्रोतसाधनको मितव्ययी र अत्युत्तम परिचालन गरी जनताको विकास र समृद्धिका आकांक्षालाई यथाशीघ्र परिपूर्ति गर्नुपर्ने खाँचो रहेको अवस्थामा सो आयोगले यसको समाधानसमेत खोज्ने बताइएको छ।

आयोगले तीनवटै तहका सरकारको सञ्चानलनलाई चुस्त र छरितो बनाउँदै समग्र शासकीय पक्षमा सुधार गर्न समेत आवश्यक पहलकदमी लिने बताइएको छ। आम नागरिकको आँखामा सार्वजनिक संस्थाहरूको क्षमता र विश्वसनीयता स्थापित भई सार्वजनिक सेवा प्रवाह, सुशासन, आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणका क्षेत्रमा प्रभावकारी योगदान पुऱ्याउन समेत आयोगले आवश्यक काम गर्नेछ। आयोगले शासकीय सुधार सम्बन्धमा दिएका सिफारिसहरू आवश्यकताको आधारमा पूर्ण प्रतिवेदनअगावै नेपाल सरकारले क्रमशः कार्यान्वयन गर्दै जाने जनाइएको छ। मुख्य सचिवको संयोजकत्वमा रहने शासकीय सुधार कार्यान्वयन समितिलाई सहयोग गर्न प्रत्येक मन्त्रालयमा सहसचिवको नेतृत्वमा एक शासकीय सुधार एकाइको गठन हुनेछ।

### राजनीतिक...

संविधानको प्रभावकारी कार्यान्वयन, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत क्षेत्रमा देखिएको कमीलाई सुधार गर्दै जनताको विश्वास जित्न सक्नुपर्छ। नेपालले अब अपनाउनुपर्ने उपायहरूमा समावेशी विकास, शिक्षित र जवाफदेही नेतृत्व उत्पादन, संघीयता कार्यान्वयनको प्रभावकारी बनावट तथा भ्रष्टाचार नियन्त्रणमा ठोस कदम समावेश छन्।

अहिलेको अस्थिरतामा गणतन्त्रको आलोचना गर्नु भावनात्मक प्रतिक्रियाभन्दा बढी केही होइन। यसले देशलाई झन् ठूलो अन्योलमा पुऱ्याउन सक्छ। तसर्थ, यस्ता आवाजहरूको कडा विरोध गर्नु आवश्यक छ।

**सुधारका प्रमुख क्षेत्रहरू**

राज्यले अब मूल सुधारका निम्न क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नु जरुरी छ। सरकारी विद्यालयको गुणस्तर वृद्धि, व्यावसायिक तथा प्राविधिक शिक्षाको विस्तार, सबै क्षेत्र, वर्ग र लिङ्गका लागि शिक्षा पहुँच, ग्रामीण भेगसम्म गुणस्तरीय स्वास्थ्य सेवा, निःशुल्क आधारभूत उपचार, चिकित्सकको पहुँच सुनिश्चित गर्नुपर्ने देखिन्छ। त्यसै गरी युवा लक्षित स्वरोजगार कार्यक्रम, कृषि, पर्यटन, लघु उद्यम प्रवर्द्धन, वैदेशिक रोजगारमा जाने युवालाई सीपमूलक तालिम, भ्रष्टाचार नियन्त्रणमा कडा नीति, सरकारी सेवा डिजिटल र पारदर्शी बनाउने, नागरिक उत्तरदायित्व सुनिश्चित गर्ने प्रणालीको विकास गर्नुपर्ने देखिन्छ।

त्यस्तै, संघीयताको प्रभावकारी कार्यान्वयन, अधिकारको स्पष्ट व्याख्या र समन्वय संयन्त्र, स्थानीय तहलाई क्षमता अभिवृद्धि र स्रोत वितरण, प्रदेश र केन्द्रबीच नीति समन्वय, न्याय र समावेशिता, सुलभ र छिटो न्याय, कानुनी सहायता पहुँच, सबै वर्गको समान प्रतिनिधित्व गर्नुपर्ने देखिन्छ।

### मधेस...

प्रतिवादी बनाइएको मध्ये एक जना मधेस प्रदेश सरकारले आइतबार मात्र मधेस प्रदेश काउन्सिलमा नियुक्ति गरिएका कमलकुमार उपाध्याय पनि परेका छन्।

बाराको पचरौता नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादव र लेखापाल हासिम मियाँ अन्सारी तथा केएस मल्टिपर्पोज प्रालि र त्यसका अध्यक्षको हैसियतले कमलकुमार उपाध्यायविरुद्ध आयोगले मुद्दा दायर गरेको प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

उनीहरू तीन जना मिलेर आ.व. ०७७/७८ मा सञ्चालन भएका ठेक्काहरूको बोलपत्र आह्वानको सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन नगरी ३ लाख ५२ हजार ५ सय ५० रुपियाँ भ्रष्टाचार गरेको आयोगले जनाएको छ। बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐनबमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने प्रावधान रहेको छ। तर, ऐनविपरीत सूचना प्रकाशित गर्ने क्रममा मिलेमतो भएको आयोगको अभियोगपत्रमा भनिएको छ।

ठेक्काको अभिलेखमा राख्ने प्रयोजनार्थमात्र एकप्रति छापिएको आयोगको अनुसन्धानले देखाएको छ। त्यही बोलपत्र आह्वानको सूचना प्रकाशित भएको एक प्रतिमात्र पत्रिका नगरपालिकामा पेस गर्न लगाइएको थियो। प्रभाव दैनिक पत्रिकामा एक प्रतिमात्र बोलपत्र प्रकाशित गरी सो रकम भुक्तानी लिएको पुष्टि भएको आयोगको अनुसन्धानले देखाएको छ।

उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर भएको जनाउँदै आयोगले बिगो ३ लाख ५२ हजार ५ सय ६० मात्र कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय गरी बिगो असुलउपर हुन मागदाबी लिइएको छ।

त्यसै गरी उपाध्यायलाई मुख्य कसुरदार सहर सजाय गरी बिगो असुलउपर हुन माग दाबी लिइएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरजन्य कार्यको गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा मुख्य कसुरदारहरू कायम गरिएको आयोगले जनाएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश सो कायम गरिएको आयोगले जनाएको छ।

मुद्दाको प्रतिवादी केएस मल्टिपर्पोज प्रालिका अध्यक्ष उपाध्यायलाई मधेस प्रदेशको मन्त्रिपरिषद् बैठकले गत आइतबारमात्र मधेस प्रदेश मिडिया काउन्सिलको अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको थियो। उपाध्यायले सोमबार नियुक्ति बुझेर शपथ तथा पदभार ग्रहण गरेका थिए। पदभार ग्रहण गरेको दोस्रो दिनमै भ्रष्टाचार मुद्दा दायर भएपछि उनी स्वतः निलम्बनमा परेका छन्।

त्यसै गरी आयोगले पोखरा महानगरपालिकामा कार्यतर अधिकृत कपिल गिरीले सेवाग्राहीसँग २५ हजार रुपियाँ लिएको र बोलपत्र आह्वानसम्बन्धी विज्ञापन एक प्रतिमात्र प्रकाशित गरी ३ लाख ५२ हजार ५ सय ५० रुपियाँ भ्रष्टाचार गरेको मुद्दा दायर गरेको आयोगले जनाएको छ।

महानगरपालिकाको उजुरी फछ्र्यौट तथा समन्वय शाखामा कार्यरत अधिकृत गिरीले अख्तियारबाट उजुरी पत्र आएको छ र उक्त उजुरीसँग सम्बन्धित प्रमाण मेटाइदिने भनी सेवाग्राहीसँग सो रकम माग गरेका थिए। यस सम्बन्धमा उजुरी आएपछि आयोगको कार्यालय पोखराबाट खटिई गएको टोलीले गिरीलाई सेवाग्राहीबाट सो रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको आयोगले जनाएको छ।

## सेन्ट्रल फाईनान्स लिमिटेडको कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८२/०१/१०, बुधबार

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको सांवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समय देखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हाल सम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफुले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसील बमोजिमको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुंदा समेत यस वित्तीय संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसुची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिने ब्यहोरा समेत सम्वन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ।

| सि.नं. | ऋणी तथा जमानी दिनेहरूको विवरण | |
|---|---|---|
| | **कुपण्डोल शाखा** | |
| १. | **लक्ष्मण भुजेल**<br>ना.प्र.प.नं.: ३४००, जारी मिति : २०५६।०९।०१, धादिङ<br>बावुको नाम : सर्वजित घर्ती भुजेल<br>बाजेको नाम : अर्जुन भुजेल<br>ठेगाना : बैरेनी गा.वि.स. वडा नं. ०८, धादिङ<br>**व्यक्तिगत धनजमानी दिने**<br>**१. देउती भुजेल**<br>ना.प्र.प.नं.: २६३०४१/१७०<br>जारी मिति : २०६३।१०।२१, धादिङ<br>बावुको नाम : भक्त बहादुर रानामगर<br>ससुराको नाम : सर्वजित घर्ती भुजेल<br>ठेगानाः बैरेनी गा.वि.स. वडा नं. ०८, धादिङ | **व्यक्तिगत धनजमानी दिने**<br>**२. देवराज भुजेल**<br>ना.प्र.प.नं.: २६-०१-७८-०२५१३, जारी मितिः २०७८।०५।२३, धादिङ<br>बावुको नाम : लक्ष्मण भुजेल<br>बाजेको नाम : सर्वजित घर्ती भुजेल<br>ठेगाना : गल्छी गा.वि.स. वडा नं.०७, धादिङ<br>**३. विक्रम खतिवडा**<br>ना.प्र.प.नं. : २६३०४१/१००४<br>जारी मिति : २०६३।१०।२४, धादिङ<br>बावुको नाम : लुमडी प्रसाद खतिवडा<br>बाजेको नाम : तेज नारायण खतिवडा<br>ठेगाना : गल्छी गा.वि.स. वडा नं.०७, धादिङ |
| | **भिमान शाखा** | |
| २. | **बुने कुमर दनुवार**<br>ना.प्र.नं. ६९/३७००२<br>जारी मितिः २०६१/०२/२५, सिन्धुली<br>बाबुको नामः अर्जुन कुमर<br>बाजेको नामः दुखिया कुमर दनुवार<br>ठेगाना : जिल्ला सिन्धुली, हत्पते गा.वि.स वडा नं. ४, हाल दुधौली न.पा वडा नं. २ | **व्यक्तिगत धनजमानी दिने**<br>**१. कान्छी कुमर दनुवार**<br>ना.प्र.नं. २०३०४९/२९१<br>जारी मितिः २०६३/१२/०६, सिन्धुली<br>बाबुको नामः कर्ने धामी<br>पतिको नाम : बुने कुमर दनुवार<br>ससुराको नाम : अर्जुन कुमर<br>ठेगाना : जिल्ला सिन्धुली, हत्पते गा.वि.स वडा नं. ४, हाल दुधौली न.पा वडा नं. २ |
| ३. | **प्रथमलाल कुमर दनुवार**<br>ना.प्र.नं. ९१००<br>जारी मितिः २०५५/०१/१६, सिन्धुली<br>बाबुको नामः विरसलाल कुमर दनुवार<br>बाजेको नामः चौकिया कुमर दनुवार<br>ठेगाना : जिल्ला सिन्धुली, कमलामाई न.पा वडा नं. १४<br>**व्यक्तिगत धनजमानी दिने**<br>**१. वविता कुमर दनुवार**<br>ना.प्र.नं. २०३०५३/२९<br>जारी मितिः २०६३/१०/२३, सिन्धुली<br>बाबुको नामः सतदेव कुमर दनुवार<br>बाजेको नामः भदैया कुमर दनुवार<br>ठेगाना : जिल्ला सिन्धुली, साबिक रानीवास गा.वि.स वडा नं. ६, हाल कमलामाई न.पा वडा नं. १४ | **व्यक्तिगत धनजमानी दिने**<br>**२. सोहानी कुमारी दनुवार**<br>ना.प्र.नं. २२६१/३१२५<br>जारी मितिः २०४४/११/१०, सिन्धुली<br>बाबुको नामः चौधिया कुमर दनुवार<br>ठेगाना : जिल्ला सिन्धुली, साबिक रानीवास गा.वि.स वडा नं. ६, हाल कमलामाई न.पा वडा नं. १४।<br>**३. मनिष कुमर दनुवार**<br>ना.प्र.नं. २०-०१-७६-०२०२७<br>जारी मितिः २०७६/०२/२४, सिन्धुली<br>बाबुको नामः प्रथमलाल कुमर दनुवार<br>बाजेको नामः विरसलाल कुमर दनुवार<br>ठेगाना : जिल्ला सिन्धुली, कमलामाई न.पा वडा नं. १४ |
| ४. | **ललिता माझी**<br>ना.प्र.नं. २०३०४९/७७१<br>जारी मितिः २०६३/१२/०९, सिन्धुली<br>बाबुको नामः जोग बहादुर कोसवार<br>बाजेको नामः जित बहादुर कौसवार<br>ठेगाना : जिल्ला सिन्धुली हत्पते गा.वि.स वडा नं. ७, हाल दुधौली न.पा वडा नं. १ | **व्यक्तिगत धनजमानी दिने**<br>**१. नारायण माझी**<br>ना.प्र.नं. ७१९/५६४२<br>जारी मितिः २०५०/१०/२०, सिन्धुली<br>बाबुको नामः बंशे माझी<br>बाजेको नामः सुनवीर माझी<br>ठेगाना : जिल्ला सिन्धुली भीमान गा.वि.स वडा नं. ७, हाल कमलामाई न.पा वडा नं. १० |
| ५. | **अम्मर लाल धामी**<br>ना.प्र.नं. ६२७/१३००२<br>जारी मितिः २०५६/०१/२६, सिन्धुली<br>बाबुको नामः बुधिया धामी<br>बाजेको नामः सरुप लाल धामी<br>ठेगाना : जिल्ला सिन्धुली हत्पते गा.वि.स वडा नं. ५, हाल दुधौली न.पा वडा नं. २।<br>**व्यक्तिगत धनजमानी दिने**<br>**१. शान्ती अधिकारी दनुवार**<br>ना.प्र.नं. १७४९/२४३७<br>जारी मितिः २०४४/११/२४, सिन्धुली<br>बाबुको नामः सोनिया अधिकारी<br>बाजेको नामः परेवा अधिकारी<br>ठेगाना : जिल्ला सिन्धुली हर्षाही गा.वि.स वडा नं. ६, हाल दुधौली न.पा वडा नं. २। | **व्यक्तिगत धनजमानी दिने**<br>**२. मनोज धामी**<br>ना.प्र.नं. २०-०१-७४-००९०५<br>जारी मितिः २०७४/०२/२५, सिन्धुली<br>बाबुको नामः अम्मर लाल धामी<br>बाजेको नामः बुधिया धामी<br>ठेगाना : जिल्ला सिन्धुली, दुधौली न.पा वडा नं. २।<br>**३. कदम लाल कुमर**<br>ना.प्र.नं. १०१६/१७२९७<br>जारी मिति : २०५७/०४/२५, सिन्धुली<br>बाबुको नाम : राम औतार कुमर<br>बाजेको नाम : तिलवा कुमर<br>ठेगाना : जिल्ला सिन्धुली हत्पते गा.वि.स वडा नं. ४, हाल दुधौली न.पा वडा नं. २ |
| | **इटहरी शाखा** | |
| ६. | **सर्मिला माझी**<br>ना.प्र.नं.०६१०३१/११९६७६<br>जारी मिति : २०६४-०२-०२,सुनसरी<br>बाबुको नाम : जित बहादुर मगर<br>बाजेको नाम : प्रेम मगर<br>साबिकको ठेगाना : भरौल गाविस वडा नं.०३,सुनसरी<br>हालको ठेगाना : बराहाक्षेत्र न.पा. वडा .०३, सुनसरी<br>**व्यक्तिगत धनजमानी दिने**<br>**१. देवानन्द माझी**<br>ना.प्र.नं.६४९६२/६५९६२<br>जारी मिति : २०५८-०९-१२, सुनसरी<br>बाबुको नाम : जागेश्वर माझी<br>बाजेको नाम : सबुर लाल माझी<br>साबिकको ठेगाना : भरौल गाविस वडा नं.०३, सुनसरी<br>हालको ठेगाना : बराहाक्षेत्र न.पा. वडा .०३, सुनसरी | **व्यक्तिगत धनजमानी दिने**<br>**२. संजोक माझी**<br>ना.प्र.नं ०६-०१-७४-१२१००<br>जारी मिति : २०७४-०९-२६, सुनसरी<br>बाबुको नाम : देवानन्द माझी<br>बाजेका नाम : जागेश्वर माझी<br>ठेगाना : बराहाक्षेत्र न.पा वडा नं.०३, सुनसरी। |

| सि.नं. | ऋणी तथा जमानी दिनेहरूको विवरण | |
|---|---|---|
| | **बर्दिबास शाखा** | |
| ७. | **कामना कन्स्ट्रक्शन प्रा.लि.**<br>कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौ<br>दर्ता नं : २५४०७०/०७७/०७८, दर्ता मिति : २०७७/१०/१५<br>स्थायी लेखा नं : ६०९९१८०१२<br>मिति : २०७७/१०/१५<br>ठेगाना : सिन्धुली जिल्ला, दुधौली नगरपालिका वडा नं. ०१<br>**संस्थागत धनजमानी दिने**<br>**१. केदार प्रसाद बराल**<br>ना.प्र.नं.२०१०४९/१८४/८०७०,सिन्धुली<br>जारी मिति : २०६५/११/२३<br>बाबुको नामः खगेन्द्र प्रसाद बराल<br>बाजेको नाम : डिल्ली प्रसाद बराल<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते गा.वि.स.वडा नं. ७ हाल दुधौली नगरपालिका वडा नं. ०१<br>**व्यक्तिगत धनजमानी दिने**<br>**१. खगेन्द्र प्रसाद बराल**<br>ना.प्र.नं.९४७०/५८८, सिन्धुली, जारी मिति : २०४५/१/१९<br>बाबुको नामः डिल्ली प्रसाद बराल<br>बाजेको नाम : नन्दि केसर बराल<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते गा.वि.स.वडा नं. ७ हाल दुधौली नगरपालिका वडा नं. ०१। | **व्यक्तिगत धनजमानी दिने**<br>**२. लक्ष्मी कुमारी बराल**<br>ना.प्र.नं.४८/३५०३७, सिन्धुली<br>जारी मिति : २०६०/११/१०<br>बाबुको नाम : रामजी प्रसाद घिमिरे<br>पतिको नाम : खगेन्द्र प्रसाद बराल<br>ससुराको नामः डिल्ली प्रसाद बराल<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते गा.वि.स.वडा नं. ७ हाल दुधौली नगरपालिका वडा नं. ०१।<br>**३. मोनिका कोइराला**<br>ना.प्र.नं.१९/२०९८/४१३,सिन्धुली<br>जारी मिति : २०६९/०९/१७<br>बाबुको नाम : राजु प्रसाद कोईराला<br>पतिको नाम : केदार प्रसाद बराल<br>ससुराको नामः खगेन्द्र प्रसाद बराल<br>ठेगाना : सर्लाही जिल्ला, कालिन्जोर गा.वि.स.वडा नं. ३ हाल सिन्धुली जिल्ला, दुधौली नगरपालिका वडा नं. ०१ |
| ८. | **विन्देश्वर प्रसाद यादव**<br>ना.प्र.नं. १३६८२१७७, महोत्तरी।<br>जारी मिति : २०५३/०४/०७<br>बुबाको नामः विलट राय<br>बाजेको नाम : फकिरा राय<br>ठेगाना : फुलकाहा गा.वि.स.वडा नं. १ हाल गौशाला नगरपालिका वडा नं.०६, महोत्तरी। | **व्यक्तिगत धनजमानी दिने**<br>**१. लिला कुमारी यादव**<br>ना.प्र.नं.१८१०५१/२१७, महोत्तरी, जारी मिति : २०६८/०१/२०<br>बुबाको नामः राम किशोर राय<br>पतिको नाम : विन्देश्वर प्रसाद यादव<br>ससुराको नाम : विलट राय<br>ठेगाना : रघुनाथपुर गा.वि.स. वडा नं. ६ हाल गौशाला नगरपालिका वडा नं. ०६, महोत्तरी |
| ९. | **खगेन्द्र प्रसाद बराल**<br>ना.प्र.नं.९४७०/५८८, सिन्धुली<br>जारी मिति : २०४५/१/१९<br>बाबुको नामः डिल्ली प्रसाद बराल<br>बाजेको नाम : नन्दि केशर बराल<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते गा.वि.स.वडा नं. ७ हाल दुधौली नगरपालिका वडा नं. ०१।<br>**व्यक्तिगत धनजमानी दिने**<br>**१. केदार प्रसाद बराल**<br>ना.प्र.नं.२०१०४९/१८४/८०७०,सिन्धुली<br>जारी मिति : २०६५/११/२३<br>बाबुको नामः खगेन्द्र प्रसाद बराल<br>बाजेको नाम : डिल्ली प्रसाद बराल<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते गा.वि.स.वडा नं. ७ हाल दुधौली नगरपालिका वडा नं. ०१ | **व्यक्तिगत धनजमानी दिने**<br>**२. लक्ष्मी कुमारी बराल**<br>ना.प्र.नं.४८/३५०३७, सिन्धुली<br>जारी मिति : २०६०/११/१०<br>बाबुको नाम : रामजी प्रसाद घिमिरे<br>पतिको नाम : खगेन्द्र प्रसाद बराल<br>ससुराको नामः डिल्ली प्रसाद बराल<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते गा.वि.स.वडा नं. ७ हाल दुधौली नगरपालिका वडा नं. ०१<br>**३. मोनिका कोईराला**<br>ना.प्र.नं.१९/२०९८/४१३,सिन्धुली<br>जारी मिति : २०६९/०९/१७<br>बाबुको नाम : राजु प्रसाद कोईराला<br>पतिको नाम : केदार प्रसाद बराल<br>ससुराको नामः खगेन्द्र प्रसाद बराल<br>ठेगाना : सर्लाही जिल्ला, कालिन्जोर गा.वि.स.वडा नं. ३ हाल सिन्धुली जिल्ला, दुधौली नगरपालिका वडा नं. ०१ |
| १०. | **मोनिका कोईराला**<br>ना.प्र.नं.१९/२०९८/४१३,सिन्धुली<br>जारी मिति : २०६९/०९/१७<br>बाबुको नाम : राजु प्रसाद कोईराला<br>पतिको नाम : केदार प्रसाद बराल<br>ससुराको नामः खगेन्द्र प्रसाद बराल<br>ठेगाना : सर्लाही जिल्ला, कालिन्जोर गा.वि.स.वडा नं. ३ हाल सिन्धुली जिल्ला, दुधौली नगरपालिका वडा नं. ०१ | **व्यक्तिगत धनजमानी दिने**<br>**१. केदार प्रसाद बराल**<br>ना.प्र.नं.२०१०४९/१८४/८०७०,सिन्धुली<br>जारी मिति : २०६५/११/२३<br>बाबुको नामः खगेन्द्र प्रसाद बराल<br>बाजेको नाम : डिल्ली प्रसाद बराल<br>ठेगाना : सिन्धुली जिल्ला, हत्पते गा.वि.स.वडा नं. ७ हाल दुधौली नगरपालिका वडा नं. ०१। |
| ११. | **राजपानी गाई फार्म**<br>प्राईभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ बमोजिम -घरेलु तथा सानाउद्योग विकास समिति प्रदेश नं. ३, शाखा कार्यालय सिन्धुली, दर्ता नंः ३७२९/०७५/०७६<br>दर्ता मितिः २०७५/१२/२८<br>स्थायी लेखानंः ६१०५२५८२७<br>मितिः २०७५/१२/२९<br>ठेगाना :सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ३ हाल कमलामाई नगरपालिका वडा नं.५।<br>**संस्थागत धनजमानी दिने**<br>**१. पदम बहादुर घलान**<br>ना.प्र.नं. ४०१२, सिन्धुली, जारी मिति : २०५३/०१/०३<br>बाबुको नामः इन्द्र वहादुर घलान<br>बाजेको नाम : विर वहादुर घलान<br>ठेगाना : सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ३ हाल कमलामाई नगरपालिका वडा नं. ५ | **व्यक्तिगत धनजमानी दिने**<br>**१. शान्ता घलान**<br>ना.प्र.नं.२०१०५४/६१०, सिन्धुली<br>जारी मिति : २०६७/३/९<br>बाबुको नामः चन्द्र वहादुर तामाङ<br>पतिको नाम : पदमवहादुर घलान<br>ससुराको नाम : इन्द्र वहादुर घलान<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ३ हाल वडा नं.५।<br>**२. निशान घलान**<br>ना.प्र.नं.२०-०१-७४-००७३१, सिन्धुली<br>जारी मिति : २०७४/२/१७<br>बाबुको नाम : पदमवहादुर घलान<br>बाजेको नाम : इन्द्र वहादुर घलान<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ५ |

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रिय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/१२/०१ गते धनुषा जिल्ला, जनकपुरधाम उप-महानगरपालिका वडा नं. ०२, भानुचोकबाट लुम्बिनी विकास बैंक लि. को नाममा रहेको तपसिल वमोजिमको मोटरसाइकल हराएकोले फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तपसिलको फोन नं. मा खबरगरि दिनहुन अनुरोध छ।

**तपसिल :**
सवारी धनीको नाम : लुम्बिनी विकास बैंक लि.
मोटरसाइक दर्ता नं. : प्रदेश २-०२-००४प-६८८६
ईन्जिन नं. : KC३१EA२००३०२३
च्यासिस नम्बर : ME४KC३११DMA००३०३९
कम्पनीको नाम र मोडेल : HM Unicorn, 2021, 150CC
सम्पर्क नम्बर : ९८५१००९९९० (जय प्रकाश गुरो), ०४१५९०८८१

## नेपाल वन निगम लि.

वन परिसर, ववरमहल, काठमाण्डौं

### नबौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

मिति २०८१।१२।२१ को सञ्चालक समितिको १६९३ औं बैठकको निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा देहायका विषय उपर छलफल गर्नका लागि साधारण सभा बोलाइएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ को ब्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. साधारण सभा हुने मिति स्थान र समय**

सभा हुने मिति :- **२०८२ साल बैशाख ३१ गते बुधवार**
स्थान :- **वन परिसर, (वन तथा भू-संरक्षण विभागको कर्णाली हल) ववरमहल, काठमाण्डौ**
समय :- **दिउसो ११:०० बजे**

**२. छलफलका विषय**

**क) साधारण प्रस्तावहरुः**
१. आ.व. २०७६।०७७, २०७७।०७८, २०७८।०७९ र २०७९।०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७६।०७७, २०७७।०७८, २०७८।०७९ र २०७९।०८० को वित्तिय अवस्थाको विवरण तथा सोही आ.व. हरुको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने।

**ख) विशेष प्रस्तावहरुः**
१. नेपाल वन निगम लिमिटेडको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने।

**ग) विविध**

सञ्चालक समिति
नेपाल वन निगम लिमिटेड

# दुई औषधि बजारबाट फिर्ता गर्न निर्देशन

**नेपाल समाचारपत्र, काठमाडौं**

औषधि व्यवस्था विभागले पेटसम्बन्धी समस्या निको पार्ने दुई औषधि बजारबाट तुरुन्त फिर्ता गर्न निर्देशन जारी गरेको छ।

'पिलपान ४० एमजी' र 'एसीटप ४० एमजी' नामक दुवै औषधिहरू परीक्षणका क्रममा गुणस्तरहीन पाइएपछि उक्त औषधिहरूको सिफारिस, बिक्री वितरण तथा प्रयोग नगर्न र नगराउन सबैलाई विभागले अनुरोध गरेको छ।

विभागले बजार अनुगमनका क्रममा संकलन गरिएको औषधिहरूको नमुना राष्ट्रिय औषधि प्रयोगशालाबाट परीक्षण गर्दा उक्त ब्याच नम्बरका औषधिहरू न्यून गुणस्तर पाइएको जारी सूचनामा उल्लेख छ। सूचनामा भनिएको छ- 'औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्री वितरण रोक्का गरी उक्त ब्याचका औषधिहरू बजारबाट तुरुन्त फिर्ता गर्न र सोको विवरण विभागमा पेस गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरूलाई सूचनामार्फत निर्देशन दिइएको छ।'

विगतमा यस्ता निर्देशन पटकपटक जारी गर्दा पनि औषधिहरू फिर्ता नहुने गरेको औषधि व्यवस्था विभागका उच्च अधिकारीहरू बताउँछन्।

## नेवाः राष्ट्रिय मुक्ति मोर्चाको नेतृत्वमा उमेश स्थापित

**काठमाडौं, (नेस)**

नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाःको तेस्रो अधिवेशनले उमेश स्थापितको नेतृत्वमा १ सय २७ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ।

राजधानीमा भएको अधिवेशनबाट सर्वसम्मतबाट उहाँको नेतृत्वमा नयाँ समिति गठन भएको हो। निर्वाचित केन्द्रीय समितिको पहिलो बैठकले उपाध्यक्षसहित कोषाध्यक्षको जिम्मेवारी र कार्यविभाजन तय गर्नेछ।

नेवाः पहिचानसहितको स्वायत्त राज्य स्थापनाको लागि अग्रगमनको बाटोमा लाग्ने उद्देश्यसहित गठन भएको यस मोर्चाको नेवाः राजनीतिक आन्दोलनमा छुट्टै पहिचान स्थापित भएको सम्मेलनमा नेवाः खलःको संस्थापक र निवर्तमान अध्यक्ष दिलिप महर्जनले जानकारी दिनुभयो।

बन्द सत्रमा नेकपा (माओवादी केन्द्रका) वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले नेवाः समुदायलाई अधिकार सम्पन्न गराउने कुनै संस्था छ, भने त्यो नेवाः मोर्चा र माओवादी रहेको दाबी गर्नुभयो। नेपाल संवत् र नेपाल भाषालाई सरकारी मान्यताको लागि लामो समयसम्म नेवाः समुदायले आन्दोलन गरे पनि प्रमुख राजनीतिक पार्टीहरूले बेवास्ता गरे पनि माओवादीको नेतृत्वमा संघीय र प्रादेशिक सरकार गठन भएपछि सो अधिकार प्रत्याभूत गरेको उहाँले स्मरण गराउनुभयो।

पूर्वउपप्रधानमन्त्री समेत रहनुभएका नेता श्रेष्ठले राजधानीका स्थानीय बासिन्दा भए पनि राजनीतिक रूपमा पछाडि पार्नुको कारण खोतल्दै संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी र समानुपातिकतासहित विशेष रूपमा आदिवासी जनजाति र नेवाः समुदायको लागि स्वायत्त राज्य आवश्यक भएको दाबी गर्नुभयो।

उहाँले आत्मनिर्णयको अधिकारसहित विशेषाधिकार भएमात्र नेवाः समुदायको भाग्य र भविष्य उज्ज्वल हुने विश्वास व्यक्त गर्नुभयो। नेता श्रेष्ठले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले जनतामा आशा भर्न सफल भएको बताउनुभयो।


**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको**

**गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना**

**प्रकाशित मितिः २०८२/०१/१०**

यस बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौंमा शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग काठमाडौंमा दिनको ४:०० बजे खोलिनेछ। बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सोको भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ।

**बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण :**

१. रामेछाप जिल्ला, वेथान गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५क स्थित कि.नं. ७९४ को क्षे.फ. ०-४-२-० (रोपनी) र कि.नं. ८६८ को क्षे.फ. ०-५-२-० (रोपनी) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२. रुपन्देही जिल्ला, सौ. फर्साटिकर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९क स्थित कि.नं. ४८५को क्षे.फ. ०-१-० (बि.क.धु) र कपिलवस्तु जिल्ला मोतीपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/२ख स्थित कि.नं. १८७६ को क्षे.फ. ०-०-१६ (बि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
३. रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ख/१३२ स्थित कि.नं. १८ को क्षे.फ. २२४.६५ (व.मी.) र कि.नं. ४८ को क्षे.फ. ४६१.०० (व.मी.)भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
४. मोरङ्ग जिल्ला राजघाट (बेलबारी) न.पा. वडा नं. ६ /६ न स्थित कि.नं. २३५ को क्षे.फ. ०-०-१० (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएको घर तथा सम्पूर्ण लिगलगापात समेत।
५. मोरङ्ग जिल्ला, बनिगामा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ ख स्थित कि.नं. २१८ को क्षे.फ. ०-१३-१५-०(वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
६. मोरङ्ग जिल्ला, बनिगामा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट १/१ ग स्थित कि.नं. १३९को क्षे.फ. ०-५-१०-० (वि.क.धु) र ऐ. जिल्ला ऐ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ ख स्थित कि.नं. ३६४ को क्षे.फ. ०-१-१९-० (वि.क.धु)भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
७. मोरङ्ग जिल्ला, झुर्किया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८क स्थित कि.नं. ९०१को क्षे.फ. ०-०-१०-० (वि.क.धु), ऐ. जिल्ला ऐ. गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७क स्थित कि.नं. ८०३ को क्षे.फ. ०-०-१८-० (वि.क.धु) र ऐ. जिल्ला ऐ.गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ख स्थित कि.नं. ६३ को क्षे.फ. ०-२-५-० (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
८. काभ्रे जिल्ला, बनेपा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/१५७१३२४१८ स्थित कि.नं. १६२ को क्षे.फ. ९३.५४ (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
९. मोरङ्ग जिल्ला, बनिगामा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ ख स्थित कि.नं. ५०९ को क्षे.फ. ०-६-०-० (वि.क.धु), ऐ. जिल्ला ए. गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ क स्थित कि.नं. ४२६ को क्षे.फ. ०-५-०-० (वि.क.धु), कि.नं. ४२७ को क्षे.फ. ०-५-१०-२ (वि.क.धु), कि.नं. ३६० को क्षे.फ. १-४-०-० (वि.क.धु), ऐ. जिल्ला हरैचा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८ ख स्थित कि.नं. ८३८ को क्षे.फ. ०-१-०-० (वि.क.धु) र ऐ. जिल्ला मृगौलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८ क स्थित कि.नं. ९३४ को क्षे.फ. ०-०-१७-२ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१०. महोत्तरी जिल्ला, धर्मपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५क स्थित कि.नं. ७१को क्षे.फ. ०-४-५-० (वि.क.धु), ऐ. जिल्ला ऐ.गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ४/४क स्थित कि.नं. ४७८ को क्षे.फ.०-२-१२.५ (वि.क.धु), कि.नं. ७४९ को क्षे.फ. ०-०-१८.७५ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
११. रुपन्देही जिल्ला, पडसरी गा.वि.स./न.पा. वडा नं./नक्सा सिट १/१क स्थित कि.नं. ६३२ को क्षे.फ. ०-०-१९.२५ (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१२. रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ख स्थित कि.नं. १६५३ को क्षे.फ. ०-१-४-० (वि.क.धु) र कि.नं. १५६३ को क्षे.फ. ०-१-१८-० (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१३. रुपन्देही जिल्ला,आ.अमवा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/२क स्थित कि.नं. ८९९को क्षे.फ. ०-४-१२.७५ (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१४. रुपन्देही जिल्ला,सिद्धार्थनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ४/४ग स्थित कि.नं. ५६२ को क्षे.फ. ०-०-१० (वि.क.धु), कि.नं. ६९६ को क्षे.फ. ०-०-१० (वि.क.धु) र कि.नं. ८४० को क्षे.फ. ०-०-७ (वि.क.धु) भएको जग्गा तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१५. रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/१०४०२३७१३ स्थित कि.नं. ३९६ को क्षे.फ. ३६०.०४ (व.मी.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१६. रुपन्देही जिल्ला, मक्रहर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९क स्थित कि.नं. १६४९ को क्षे.फ. ०-४-१० (बि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१७. बाँके जिल्ला, बागेश्वरी गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ०२/०३५१२०६ स्थित कि.नं. ८४९ को क्षे.फ. १५१.३७ (व.मि.) र कि.नं. ८६३ को क्षे.फ. १६९.३० (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१८. चितवन जिल्ला, कल्याणपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७ग स्थित कि.नं. ६०७५ को क्षे.फ. १६१.२७ (व.मि.) र ऐ. जिल्ला पार्वतीपुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ स्थित कि.नं. १२८४ को क्षे.फ. ०-९-० (विगाहा) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
१९. पाल्पा जिल्ला, रुप्से गा.वि.स./न.पा. वडा नं./नक्सा सिट २/०९९०७३० स्थित कि.नं. ३७२ को क्षे.फ. १४२.७८ (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२०. नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७ ग स्थित कि.नं. २५६ को क्षे.फ. ०-०-१८ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२१. मोरङ्ग जिल्ला, बुधनगर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ०६/१७८०१०२५ स्थित कि.नं. ३९८ को क्षे.फ. १९५७.५० (व.मी.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२२. रुपन्देही जिल्ला, चिल्हीया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/६क स्थित कि.नं. ७०९ को क्षे.फ. ०-१-१३ (वि.क.धु) र कि.नं. ३८४ को क्षे.फ. ०-१-१ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२३. महोत्तरी जिल्ला, हात्तिसर्वा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९क स्थित कि.नं. ९४१ को क्षे.फ. ०-८-१९.२५ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२४. धनुषा जिल्ला, कजरारमौल गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८क स्थित कि.नं. ९१५ को क्षे.फ. ०-२-६-४ (विगाहा) र कि.नं. ११८२ को क्षे.फ. ०-३-१०-८ (विगाहा) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२५. नुवाकोट जिल्ला, खड्ग भञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ८/८ स्थित कि.नं. ६८ को क्षे.फ. ८-४-१-० (रोपनी) र ऐ. जिल्ला विदुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/९ स्थित कि.नं. ६५८ को क्षे.फ. ०-२-२-० (रोपनी), कि.नं. १०४९ को क्षे.फ. ०-९-३-० (रोपनी), कि.नं. १२३५ को क्षे.फ. ०-०-३-० (रोपनी), कि.नं. १७३९ को क्षे.फ. ०-१३-०-० (रोपनी) र ऐ. जिल्ला विदुर गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ स्थित कि.नं. १३८५ को क्षे.फ. २-११-०-१.५० (रोपनी) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२६. रुपन्देही जिल्ला, मधवलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/क स्थित कि.न ११२ को क्षे.फ. ०-०-१८-० (वि.क.धु), ऐ. जिल्ला मधवलिया गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/ख स्थित कि कि.नं. ३८५ को क्षे.फ. ०-०-१५ (वि.क.धु) , कि.नं. ७८ क्षे.फ. ०-१-१० (वि.क.धु) , कि.नं. ७१२ क्षे.फ.०-०-४.५ (वि.क.धु), कि.नं. ७१९ क्षे.फ. ०-०-१७.५ (वि.क.धु र कि.नं. ७०१ क्षे.फ. ०-०-३ (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२७. रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/ख स्थित कि.नं. ५३८ को क्षे.फ. ०-४-१० (वि.क.धु) र कि.नं. ५४३ को क्षे.फ. ०-२-६ (वि.क.धु), कि.नं. ७६ को क्षे.फ. ०-२-१५ (वि.क.धु) र ऐ. जिल्ला टिकुलीगढ गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/ख स्थित कि.नं. ५१८ को क्षे.फ. ०-१-० (वि.क.धु) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२८. काठमाडौं जिल्ला, का.म.न.पा. (चावहिल) गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ६/१०२१०२८०८ स्थित कि.नं. ५८८ को क्षे.फ. ९५.४० (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
२९. बाँके जिल्ला, बनकटवा गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ९/०३५०८४७ स्थित कि.नं. १६९६ को क्षे.फ. ६७३.०० (व.मि.) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।
५१ वर्षका यी महान् खेलाडी बुधबार दशरथ रंगशालामा देखिने छन्। जहाँ पोखरा थन्डर्स एफसी र धनगढी एफसीबीचको दोस्रो क्वालिफायर भिडन्त हुँदैछ। खेल साँझ ६ बजे शुरू हुनेछ र कार्लोसको उपस्थितिले प्रतियोगितालाई थप रोमाञ्चक बनाउने निश्चित छ। स्मरण रहोस्, कार्लोसले १९९२ देखि २००६ सम्म ब्राजिलको राष्ट्रिय टोलीका लागि १ सय २५ म्याच खेलेका थिए र १० गोल पनि गरेका थिए। सन् २००२ मा ब्राजिललाई विश्वकप जिताउन उनले खेलेको भूमिका अविस्मरणीय छ। विश्वस्तरीय फुटबल लेजेन्डको उपस्थितिले नेपाली फुटबललाई नयाँ उचाइमा लैजाने आशा गरिएको छ।

# दक्षिण एसियाली युथ टेबल टेनिस बिहीबारदेखि

**नेपाल समाचारपत्र, काठमाडौं**

काठमाडौंको लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा यही बिहीबारदेखि दक्षिण एसियाली युथ टेबल टेनिस च्याम्पियनसिप सुरु हुँदैछ।




अखिल नेपाल टेबल टेनिस संघको आयोजनामा हुन लागेको यो क्षेत्रीय प्रतियोगिता एसियन टेबल टेनिस युनियन (एटीटीयू) को वार्षिक क्यालेन्डरमा समावेश छ। मंगलवार पत्रकार सम्मेलन गर्दै संघका महासचिव कुवेरप्रकाश सिंहले प्रतियोगितामा नेपालसहित भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र माल्दिभ्सका खेलाडी सहभागी हुने जानकारी दिए।

वैशाख ११ देखि १४ गतेसम्म चल्ने प्रतियोगितामा यु-१९ र यु-१५ उमेर समूहका केटा र केटी खेलाडीहरूले सिंगल्स, डबल्स, टिम इभेन्ट र मिक्स डबल्समा प्रतिस्पर्धा गर्नेछन्। कूल १४ वटा स्वर्ण पदकका लागि ८५ खेलाडी मैदानमा उत्रिनेछन्, जसमा नेपालका १६ खेलाडी सहभागी हुनेछन्।

यस च्याम्पियनसिप उज्ज्वेकिस्तानमा हुन लागेको एसियन युथ टेबल टेनिस च्याम्पियनसिपको छनोटका रूपमा पनि महत्वपूर्ण मानिएको छ। विशेषगरी यु-१९ टिम इभेन्टमा उत्कृष्ट प्रदर्शन गर्ने दुई-दुई टोली (केटा र केटी) दुवैले एसियन च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने अवसर पाउनेछन्।

# 'कोर क्याम्प' मार्फत लिग-२ को तयारीमा जुट्दै क्यान

**काठमाडौं, (नेस)**

नेपाल क्रिकेट संघ (क्यान) ले आगामी जुनमा स्कटल्यान्डमा आयोजना हुने आईसीसी विश्वकप लिग-२ शृंखलाको तयारीलाई तीव्र बनाउँदै 'कोर क्याम्प' सञ्चालन गर्ने भएको छ।




मंगलवार क्यानले यो तयारी चरणको औपचारिक घोषणा गर्दै दोस्रो चरणका लागि विस्तारित खेलाडी समूह पनि सार्वजनिक गरेका हो। पहिलो चरणमा ४९ खेलाडी समेटिएको सूचीमा हालै सम्पन्न यू-१९ विश्वकप छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका नरेन भट्ट, युवराज खत्री र सन्तोष यादव थपिएका छन्। यससँगै 'कोर क्याम्प' को खेलाडी संख्या ५२ पुगेको छ।

यी ५२ खेलाडीलाई चार फरक समूह नेपाल ब्लु, नेपाल ग्रीन, नेपाल रेड र नेपाल एल्लोमा बाँडेर अभ्यास क्याम्प सञ्चालन गरिनेछ। अभ्यास सत्रहरू अप्रिल २६ देखि मे ३ सम्म मुलपानीस्थित माथिल्लो र तल्लो क्रिकेट मैदानमा सञ्चालन हुनेछन्। क्यानका अनुसार नेपाली टिमका नयाँ अस्ट्रेलियन मुख्य प्रशिक्षक स्टुअर्ट ल अप्रिल २५ मा काठमाडौं आइपुग्नेछन्। उनको उपस्थितिमा हुने यस क्याम्पबाटै लिग-२ का लागि अन्तिम टोलीको छनोट गरिने योजना छ।

# ट्रायथलनको लेभल वान कोर्स पोखरामा

**काठमाडौं, (नेस)**

नेपाल ट्रायथलन संघको आयोजनामा र विश्व ट्रायथलन महासंघको सहयोगमा "लेभल वान" कोचिङ/रेफ्री कोर्स आगामी वैशाख १३ र १४ गते पोखरामा आयोजना हुने भएको छ।

यो कोर्स एसिया ट्रायथलन कप २०२५ सँगै आयोजना हुँदैछ। जसमा भारतका एक, पोखराबाट १३ र काठमाडौंलगायत अन्य स्थानबाट ११ जना गरी कुल २५ निर्णायकहरूको सहभागिता रहनेछ। कोर्समा सहभागीहरूलाई विश्व ट्रायथलन महासंघकी विज्ञ प्रशिक्षक मेलोडी टानले प्रशिक्षण दिनेछिन्।

नेपाल ट्रायथलन संघका महासचिव युवराज सुनुवारका अनुसार स्थानीय स्तरमै दक्ष निर्णायक उत्पादन गर्ने उद्देश्यले यो कोर्स पोखरामा आयोजना गर्न लागिएको बताए। "स्थानीय तहमै दक्ष जनशक्ति उत्पादन भएसँगै त्यहाँ प्रतियोगिता सञ्चालन गर्न थप सहज हुन्छ," सुनुवारले भने। नेपालमा यसअघि पनि यस्ता कोर्सहरू सञ्चालन भइसकेका छन्। हालसम्म देशभर २१ जना प्रशिक्षित निर्णायक उत्पादन भइसकेका छन् र यो कोर्सले त्यो संख्यामा थप वृद्धि गर्ने अपेक्षा गरिएको छ।

# पूर्व क्रिकेट स्टार स्लेटरलाई ४ वर्ष जेल सजाय

**नेपाल समाचारपत्र, काठमाडौं**

अस्ट्रेलियाका चर्चित पूर्व क्रिकेटर माइकल स्लेटरलाई घरेलु हिंसासम्बन्धी विभिन्न अपराधमा दोषी ठहर गर्दै स्थानीय अदालतले ४ वर्षको जेल सजाय सुनाएको छ।

तर, उनले पहिले नै एक वर्ष जेलमा बिताइसकेकाले बाँकी समय उनी अब जेलमा बस्नु नपर्ने अदालतले स्पष्ट पारेको छ। ५५ वर्षीय स्लेटरमाथि घरेलु हिंसामात्र होइन, अनधिकृत तरिकाले पिछा गर्ने, धम्की दिने, रातको समयमा जबर्जस्ती घर प्रवेश गर्ने, सामान्य हमला गर्ने, शारीरिक चोट पुर्‍याउने र गम्भीर रूपमा घाँटी दबाएर सास थुन्ने प्रयाससमेत गरेको आरोप लागेको छ। साथै, उनले पीडितलाई बारम्बार गालीगलौज गरी अपमानितसमेत गरेका थिए।

पीडित पक्षले अदालतमा दिएको बयानअनुसार, स्लेटरले मादक पदार्थ सेवन गरेर पटक-पटक उस्तै व्यवहार दोहोर्‍याउँदै आएका थिए। उनी सुध्रिने संकेत नदेखिएपछि अन्ततः प्रहरीमा उजुरी दर्ता गरिएको थियो। साथै, उनले आफूलाई नै नोक्सानी पुर्‍याउने धम्कीसमेत दिएको जनाइएको छ। यसका बावजुद पनि उनको व्यवहारमा कुनै सुधार नदेखिएको अदालतले जनाएको छ।

घटनाको विवरण क्विन्सल्यान्डको नुसा क्षेत्रमा भएको बताइएको छ। यद्यपि, पीडितको नाम र परिचय गोप्य राखिएको छ। क्रिकेट करियरको कुरा गर्दा माइकल स्लेटरले सन् १९९३ देखि २००३ सम्म अस्ट्रेलियाको टेस्ट टोलीमा ७४ म्याच खेलेका थिए। त्यस्तै, उनले ४२ एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा पनि अस्ट्रेलियाको प्रतिनिधित्व गरेका थिए।

# फ्रेन्च ओपनमा नाडाललाई विशेष सम्मान गरिने

**लन्डन, (एजेन्सी)**

२२ पटकका ग्रान्डस्लाम विजेता र टेनिस जगतका महान् खेलाडी राफेल नाडाललाई फ्रेन्च ओपन २०२५ मा विशेष सम्मान प्रदान गरिने भएको छ।

१४ पटक फ्रेन्च ओपनको उपाधि जित्दै 'क्लेको राजा' को उपाधि कमाएका नाडाललाई आगामी अप्रिल २५ मा कोर्ट फिलिप च्याट्रियरमा एक भव्य समारोहबीच सम्मान गरिने भएको हो। फ्रेन्च ओपनकी निर्देशक एमिली मौरेस्मोले नाडालको योगदानलाई स्मरण गर्दै भनिन्, 'नाडालले यो प्रतियोगिताको इतिहासमा जुन अमित छाप छोडेका छन्, त्यो अविस्मरणीय छ। उनको सम्मान गर्नु हाम्रो गौरवको कुरा हो।'

नाडालले सन् २०२४ मा अन्तिमपटक फ्रेन्च ओपनमा प्रतिस्पर्धा गरेका थिए। पूर्व विश्व नम्बर एक नडाल टेनिसका सबैभन्दा सफल खेलाडीमध्ये एक मानिन्छन्। उनको करिअर उपलब्धिहरू साँच्चिकै प्रेरणादायी छन्। १४ फ्रेन्च ओपन, दुई अस्ट्रेलियन ओपन, दुई विम्बल्डन र चार यूएस ओपन जितेका उनले सन् २००८ को बेइजिङ ओलम्पिकमा पनि स्पेनलाई स्वर्ण पदक दिलाएका थिए। नाडालको यात्राले विश्व टेनिसलाई एक नयाँ उचाइ दिएको छ।


**बेनीघाट रोराङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**विशालटार, धादिङ**
**बागमती प्रदेश, नेपाल**

**सेनीटरी प्याड खरिद सम्बन्धी दरभाउपत्र आव्हान गरिएको सूचना !!!**

**(प्रथम पटक प्रकाशित मिति २०८२।०१।१०)**

बेनीघाट रोराङ गाउँपालिकामा आ.व. २०८१/०८२ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित बमोजिमको सेनीटरी प्याड (अल्ट्रा) को लागी विद्युतिय माध्यमबाट दरभाउपत्र आव्हान गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना बेनीघाट रोराङ गाउँपालिकाको वेवसाइट www.benighatrorangmun.gov.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवासाइट www.bolpatra.gov.np/egp. बाट हेर्न सकिने व्यहोरा सम्बन्धित इच्छुक सम्पूर्ण दर भाउपत्रदाताहरुलाई यसै सूचनाद्वारा सुचित गरिन्छ ।

तपशिल

| Bid No. | Description | Bid Document Fee (non-refundable) | Minimum Bid Security | Bid Opening Date | Bidding Process |
|---|---|---|---|---|---|
| BRRM/ SQ/G/03/2081/082 | Supply and Delivery of Sanitary Pads (Ultra) | 1,000/- | 45,000/- | 2082/01/25 | Electronic Bid Only |

प्रमुख प्रशासकीय अधिकृत

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**भन्सार विभाग**
**विराटनगर भन्सार कार्यालय**
**विराटनगर, मोरंग**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०८२/०१/१०**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि मिति २०८१/१२/०४ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्वन्धी सूचना अनुसार दिएको म्याद भित्र E-GP प्रणाली मार्फत प्राप्त भएका बोलपत्रहरू मध्ये देहायको बोलपत्र दाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको आशयको प्रयोजनको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) (१) (२) र (३) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रू मू.अ.कर बाहेक |
|---|---|---|---|---|
| 1 | BCO/ Morang/NCB / goods/01-2081-082 | Supply and Installation of furniture and furnishing works at Biratnagar customs office Biratnagar, Morang | अञ्जली फर्निचर उद्योग प्रा.लि. बुढानिलकण्ठ न.पा. हात्तिगौंडा, इटालीचौक, काठमाण्डौ | १५,५७,५००।०० |

प्रमुख भन्सार अधिकृत

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**
**बुद्धनगर, काठमाण्डौ ।**

**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर काठमाण्डौको ३५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति : २०८२/०१/१० गते**

यस समितिको सहकारी ऐन २०७४ को दफा १०४ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट मिति २०७९/०६/०७ मा ओरेन्टल को-अपरेटिभ लिमिटेड, मैतिदेवीलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व भुक्तानीको लागि सोही ऐनको दफा १०५ अनुसार गठित यस समितिसमक्ष लेखि आएको, संस्थाका ऋणी सदस्य एवं सञ्चालकहरुबाट संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (१) देहाय (क) र (ख) बमोजिम पत्राचार गर्दा, पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले संस्थाको नाममा रहेको यस समितिबाट रोक्का राखिएका तपशिल बमोजिमका जग्गाहरु सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम २ को खण्ड(च) बमोजिम चलनचल्तीको मूल्य कायम गरी सोहि नियम बमोजिमको राष्ट्रिय स्तरको पत्रिकामा लेना रकम असुलीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहि ३५ (पैंतिस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । ईच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलबन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस समितिको **Website: www.coopmc.gov.np** मा गई हेर्न सक्नु हुनेछ ।

**(क) लिलाम बिक्री हुने सम्पति र मूल्य :**

| सि. नं. | ज. ध. नाम, थर | ठेगाना | जग्गाको विवरण | | | हालको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. | कि. नं. | क्षेत्रफल | | |
| १. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | भरतपुर- ३क | ३३३३ | ०-०-१०-० | भरतपुर म.न.पा.-१२ | |
| २. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | मंगलपुर-४ख | ९३४ | ०-२-०-० | भरतपुर म.न.पा.-१६ | |
| ३. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | मंगलपुर- ५ख | ३७६ | ०-३-०-० | भरतपुर म.न.पा.-१६ | |
| ४. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | पञ्चकन्या- ९क | ७५२ | ०-२-५-० | रत्ननगर न.पा.-१३ | |
| ५. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | पञ्चकन्या- ९क | ५५५ | ०-१-९.५-० | रत्ननगर न.पा.-१३ | |
| ६. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | चैनपुर-९क | २८० | ०-५-१०-० | खैरहनी न.पा.-४ | |

**(ख) शर्तहरु:**

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ ।
२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु.२,०००।- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
३. यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन अपराण्ह १:०० बजेसम्म बोलपत्र पेश गरि सक्नु पर्नेछ । यसरी पेश भएका बोलपत्रहरु सोहि दिन १:३० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ ।
४. शिलबन्दी बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र दाखिल गरे पछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुनु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ ।
६. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक लिमिटेड, पुतलीसडकमा रहेको यस समितिको बैंक खाता सहकारी व्यवस्थापन समिति ओरेण्टल (Sahakari Byabasthapan Samiti Oriental), खाता नं.०२०९९०१३०८७९८०२४ मा जम्मा गरि सोको सक्कलै भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।
७. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।
८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ । यसरी सहभागी हुन चाहने बढिमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।
९. बोलपत्र पेश गर्दा प्रत्येक किस्ताको छुट्टा-छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।
१०. बोलपत्रको बाहिर खाममा कुन कित्ताको लागि बोलपत्र पेश गरेको हो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
११. बोलपत्र प्रत्येक कित्ताको छुट्टा-छुट्टै दर्ता गरि सोहि अनुसार खोलिनेछ ।
१२. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ ।
१३. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समिति समक्ष रहने छ ।

**सबैला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सबैला, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०१/१०**

यस कार्यालयबाट आ.व. २०८१/०८२ को मिति २०८१/१०/२९ मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी बिधुतीय सूचना अनुसार रितपूर्वक दाखिला हुन् आएको बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| ठेक्का नं. र कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|
| SM/Works/NCB/05/081-082 Construction of Side Drain in ward No.2 | Asmit Construction and supplier Mirchaiya, Siraha | रु. २०९४२२४.००/- |

कार्यालय प्रमुख

**नेपाल सरकार**
**उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**
**जलश्रोत तथा सिंचाइ विभाग**
**महाकाली सिंचाइ आयोजना तेस्रो चरण**
**महेन्द्रनगर, कंचनपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/०१/१०**

यस आयोजनाबाट प्रथम पटक मिति २०८१/१२/०५ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक तथा PPMO को e-GP portal, www.bopatra.gov.np/egp मा प्रकाशित बोलपत्रको सूचना वमोजिम म्यादभित्र Online मार्फत पर्न आएका बोलपत्रहरूको मूल्यांकन हुँदा न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता देहाय वमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना सम्वन्धित सवैको जानकारीको लागि प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्वन्धित सबै वोलपत्रदाताहरूलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

| सि. नं. | ठेक्का पट्टा नं. | छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रु. (मु.अ.कर तथा PS समेत) |
|---|---|---|---|
| १. | MIP/NCB-2/081-82 | A.B Nirman Sewa, Kanchanpur | रु. ९३,१२,२१०।३६ |

आयोजना निर्देशक

## Re-Invitation for Bids

### Budhanilkantha Municipality Office
**Hattigaunda, kathmandu**
**Date of publication: 2082/01/10 (2nd Publication)**

1. **Budhanilkantha Municipality Office re- invites** electronic bids from Nepalese eligible bidders for the works mentioned below National Competitive Bidding procedures.

| S. N. | Contract Name/Contract ID | Cost of Bid document | Estimated Amount with Vat & PS | Pre-bid meeting held | Deadline date of bid submission and opening date | Bid Security Amount (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | Construction of premix carpeting road at Sunakhari marga, ward no 04 (SQ/BNP/CW/081_082/03) | 1,000.00 | 19,35,735.07 | - | 2082/01/26 @ 12 :00 hrs<br>2082/01/26 @ 13:00 hrs | 50,000.00 | 75 Days deadline date of bid submission and opening date. |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०८१/१२/२३ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय अनुसार तथा मिति २०८२/०१/०८ गतेको कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साविक कम्पनी **यशस्बीका इन्टरनेशनल प्रा.लि. (Yashaswika International Pvt. Ltd.)** (प्रा.लि.नं. १००४७५/५१/५२) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन कर दायित्व आदी परिवर्तित नाम **यशस्वीका ईन्टरनेशनल प्रा.लि. (Yeshaswika International Pvt. Ltd.)** कम्पनीले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

# आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC FINANCE LIMITED

## तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/०१/१० गते**

यस फाइनान्सको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ। सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ। तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीहरुको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

### प्रधान कार्यालय, भाटभटेनी, काठमाण्डौ

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| बुढानिलकण्ठ नगरपालिका स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम मिति २०७७/०९/०८ मा दर्ता नं. १७९ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, चावहिलबाट स्थायी लेखा नं. ६१४५८६३०९ को प्रमाणपत्र प्राप्त **दावा फेन्सी स्टोर।**<br>**प्रोप्राइटर : लिला केदेम (शेर्पा)**<br>**ठेगाना :** बुढानिलकण्ठ न.पा. १०, आकाशेधारा, काठमाण्डौ। | **१) नाम : लिला केदेम (शेर्पा)**<br>बाबु : गुमान सिं केदेम<br>पति : निमा ग्याबु शेर्पा<br>ससुरा : कान्छा शेर्पा<br>ना.प्र.नं. : ०१-०१-७६-०१८०४<br>मिति : २०७६/०७/२६, जि.प्र.का., ताप्लेजुङ<br>स्थायी ठेगाना : मिक्काखोला बडा नं. ०५, ताप्लेजुङ<br>हाल : बुढानिलकण्ठ बडा नं. १०, काठमाण्डौ। |
| **२) नाम : निमा ग्याबु शेर्पा**<br>बाबु : कान्छा शेर्पा<br>ना.प्र.नं. : ०१०११०१४/२००<br>मिति : २०६८/१/१७,<br>जि.प्र.का. : ताप्लेजुङ<br>स्थायी ठेगाना : पापुङ बडा नं. ६, ताप्लेजुङ<br>हाल : बुढानिलकण्ठ बडा नं. १०, काठमाण्डौ। | **३) नाम : बसन्ती राई**<br>बाबु : नर बहादुर राई<br>पति : धन बहादुर गुरुङ<br>ससुरा : धर्मराज गुरुङ<br>ना.प्र.नं. : १०३४/१४६२१०<br>मिति : २०६६/१०/२७, जि.प्र.का., सुनसरी<br>स्थायी ठेगाना : भादगाउ सिनुवारी बडा नं. ५, सुनसरी।<br>हाल : बुढानिलकण्ठ बडा नं. ११, काठमाण्डौ। |

| २. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **नाम : सुकवीर माझी**<br>बाबु : हर्क बहादुर माझी<br>बाजे : सेर बहादुर माझी<br>ना.प्र.नं. : २११०३६/१८४९१<br>मिति : २०६७/४/३१, जि.प्र.का., रामेछाप<br>स्थायी ठेगाना : मन्थली बडा नं. १६, रामेछाप<br>हाल : ललितपुर बडा नं. २५, ललितपुर। | **नाम : बन्दना माझी**<br>बाबु : माइते माझी<br>पति : सुकवीर माझी<br>ससुरा : हर्क बहादुर माझी<br>ना.प्र.नं. : २१-०१-७२-३१५८<br>मिति : २०७२/०७/१०, जि.प्र.का., रामेछाप<br>स्थायी ठेगाना : मन्थली बडा नं. १६, रामेछाप<br>हाल : ललितपुर बडा नं. २५, ललितपुर। |

**धितो सुरक्षण विवरण**

धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी सुकवीर माझी कायम रहेको यातायात व्यवस्था कार्यालय, बागमती प्रदेश, ललितपुरमा दर्ता कायम रहेको बा ५ ख ८००७ इन्जिन नं. : BIJ4J95381, च्यासिस नं. : MATGD2BTHJ3K17981 भएको १ थान Mahindra And Mahindra को मिनी ट्रक ।

### शाखा कार्यालय, बुटवल, रुपन्देही

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०८/०९ मा दर्ता नं. २४७९२५/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, बुटवल, रुपन्देहीबाट स्थायी लेखा नं. ६०९८५६६७१ को प्रमाणपत्र प्राप्त **प्रतिज्ञा बहुउदेश्य कृषि फार्म प्रा.लि. । सन्चालक : रिकमान सिंह भेंडी,** ठेगाना : देवदह न.पा.- ०८, रुपन्देही। | **१) नाम : रिकमान सिंह भेंडी**<br>बाबु : धन सिंह भेंडी<br>बाजे : विर सिंह भेंडी<br>ना.प्र.नं. : ६२८३३, जि.प्र.का : पाल्पा<br>मिति : २०५३/१२/२७<br>स्थायी ठेगाना : हेकलाङ्ग गा.वि.स. वडा नं. ०४, पाल्पा<br>हाल : देवदह न.पा. वडा नं. ८, शितलनगर, रुपन्देही। |
| **२) नाम : मान कुमारी भेंडी**<br>बाबु : सोम बहादुर जर्घा मगर<br>पति : रिकमान सिंह भेंडी<br>ससुरा : धन सिंह भेंडी<br>ना.प्र.नं. : १२१५३३, जि.प्र.का., पाल्पा<br>मिति : २०६२/०५/०९<br>स्थायी ठेगाना : हेकलाङ्ग गा.वि.स. वडा नं. ०४, पाल्पा<br>हाल : देवदह न.पा. वडा नं. ८, शितलनगर, रुपन्देही। | **३) नाम : टक बहादुर विश्वकर्मा**<br>बाबु : राम बहादुर कामी<br>बाजे : बिलि बिक्रम कामी<br>ना.प्र.नं. : १२३५६९,<br>मिति : २०६२/०८/०२, जि.प्र.का : पाल्पा<br>स्थायी ठेगाना : जल्पा गा.वि.स.वडा नं. ०१, पाल्पा<br>हाल : देवदह न.पा. वडा नं. ७, शितलनगर, रुपन्देही। |

**धितो सुरक्षण विवरण**

क) मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा रिकमान सिंह भेंडी को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा.नं. १छ स्थित किता नं. १६०, १५६ र १६२ को क्षेत्रफल क्रमश: ०-०-११-०, ०-०-१२.५-० र ०-०-११-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

ख) मालपोत कार्यालय, बुटवल, रुपन्देहीमा मान कुमारी भेंडी को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा.नं. १ घ स्थित किता नं. ३१३ को क्षेत्रफल ०-२-४-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

### शाखा कार्यालय, त्रिशुली, नुवाकोट

**१. ऋणीको विवरण**

बागमती प्रदेश सरकार, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित सरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, विदुर, नुवाकोटमा प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम मिति २०५३/०५/१८ मा प्रा./सा.फ.द.नं. ४१३८१/०५३/०५४ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय बालाजुबाट स्थायी लेखा नं. ३००१६३१३१ को प्रमाण पत्र प्राप्त **खतिवडा सप्लार्यस। प्रोप्राइटर : ठाकुर प्रसाद खतिवडा**
ठेगाना : विदुर नगरपालिका वडा नं. ४, नुवाकोट।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **नाम : सन्तोष खतिवडा**<br>बाबु : ठाकुर प्रसाद खतिवडा<br>बाजे : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : २५१०४७/७२<br>मिति : २०६५/०३/२२, जि.प्र.का., नुवाकोट।<br>स्थायी ठेगाना : बेलकोटगढी वडा नं. ०८, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **नाम : सुदिप खतिवडा**<br>बाबु : ठाकुर प्रसाद खतिवडा<br>बाजे : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : २५१०४७/२०<br>मिति : २०६४/०७/१९, जि.प्र.का., नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |
| **नाम : प्रतिमा नेपाल खतिवडा**<br>बाबु : गणेश कुमार नेपाल<br>पति : सुदिप खतिवडा<br>ससुरा : ठाकुर प्रसाद खतिवडा<br>ना.प्र.नं. : २५१०५३/३८३<br>मिति : २०६६/१०/०४, जि.प्र.का., नुवाकोट।<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **नाम : रजनी थापा**<br>बाबु : हरिशरण थापा<br>पति : सन्तोष खतिवडा<br>ससुरा : ठाकुर प्रसाद खतिवडा<br>ना.प्र.नं. : १०२७/७४१७४<br>मिति : २०६७/१२/१४, जि.प्र.का., काठमाण्डौं<br>स्थायी ठेगाना : गोङ्गबु वडा नं. ०२, काठमाण्डौं।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |
| **नाम : ठाकुर प्रसाद खतिवडा**<br>बाबु : सोम प्रसाद खतिवडा<br>बाजे : डण्ड प्रसाद खतिवडा<br>ना.प्र.नं. : ३५५१<br>मिति : २०४४/१२/०५, जि.प्र.का. : नुवाकोट<br>स्थायी ठेगाना: जिलिङ्ग वडा नं. ०२, नुवाकोट।<br>हाल बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **नाम : देव कुमारी खतिवडा**<br>बाबु : खिल प्रसाद लामिछाने<br>पति : ठाकुर प्रसाद खतिवडा<br>ससुरा : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : ४९३९८<br>मिति : २०५३/१२/१५, जि.प्र.का., नुवाकोट।<br>स्थायी ठेगाना: जिलिङ्ग वडा नं. ०२, नुवाकोट।<br>हाल बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०६/०९ मा दर्ता नं. १०८२/०६५/०६६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय काठमाण्डौं बाट स्थायी लेखा नं. ३०३१०१३०३ को प्रमाण पत्र प्राप्त **एकिकृत कृषि विकास कम्पनी लि.**
**संचालक : ठाकुर प्रसाद खतिवडा /सन्तोष खतिवडा**
ठेगाना : विदुर नगरपालिका वडा नं. ३, नुवाकोट।

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| | |
|---|---|
| **नाम : ठाकुर प्रसाद खतिवडा**<br>बाबु : सोम प्रसाद खतिवडा<br>बाजे : डण्ड प्रसाद खतिवडा<br>ना.प्र.नं. : ३५५१<br>मिति : २०४४/१२/०५, जि.प्र.का. : नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **नाम : सन्तोष खतिवडा**<br>बाबु : ठाकुर प्रसाद खतिवडा<br>बाजे : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं.: २५१०४७/७२<br>मिति : २०६५/०३/२२, जि.प्र.का., नुवाकोट<br>स्थायी ठेगाना : बेलकोटगढी वडा नं.०८, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |
| **नाम : सुदिप खतिवडा**<br>बाबु : ठाकुर प्रसाद खतिवडा<br>बाजे : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : २५१०४७/२०<br>मिति : २०६४/०७/१९, जि.प्र.का., नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **नाम : प्रतिमा नेपाल खतिवडा**<br>बाबु : गणेश कुमार नेपाल<br>पति : सुदिप खतिवडा<br>ससुरा : ठाकुर प्रसाद खतिवडा<br>ना.प्र.नं. : २५१०५३/३८३<br>मिति : २०६६/१०/०४, जि.प्र.का., नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |
| **नाम : रजनी थापा**<br>बाबु : हरिशरण थापा<br>पति : सन्तोष खतिवडा<br>ससुरा : ठाकुर प्रसाद खतिवडा<br>ना.प्र नं : १०२७/७४१७४<br>मिति : २०६७/१२/१४, काठमाण्डौं<br>स्थायी ठेगाना : गोङ्गबु वडा नं. ०२, काठमाण्डौं।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **नाम : नारायण पौडेल**<br>बाबु : गोविन्द प्रसाद पौडेल<br>बाजे : डोल नाथ पौडेल<br>ना.प्र.नं. : १०९६२८<br>मिति : २०६३/०३/०६, जि.प्र.का., नुवाकोट<br>ठेगाना : खानीगाँउ वडा नं.०३, नुवाकोट। |

| ३. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **नाम : ठाकुर प्रसाद खतिवडा**<br>बाबु : सोम प्रसाद खतिवडा<br>बाजे : डण्ड प्रसाद खतिवडा<br>ना.प्र.नं. : ३५५१<br>मिति : २०४४/१२/०५, जि.प्र.का. : नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **१) नाम : देव कुमारी खतिवडा**<br>बाबु : खिल प्रसाद लामिछाने<br>पति : ठाकुर प्रसाद खतिवडा<br>ससुरा : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : ४९३९८<br>मिति : २०५३/१२/१५, जि.प्र.का. : नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |
| **२) नाम : सन्तोष खतिवडा**<br>बाबु : ठाकुर प्रसाद खतिवडा<br>बाजे : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : २५१०४७/७२<br>मिति : २०६५/०३/२२, जि.प्र.का. : नुवाकोट<br>स्थायी ठेगाना : बेलकोटगढी वडा नं. ०८, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **३) नाम : रजनी थापा**<br>बाबु : हरिशरण थापा<br>पति : सन्तोष खतिवडा<br>ससुरा : ठाकुर प्रसाद खतिवडा<br>ना.प्र नं : १०२७/७४१७४<br>मिति : २०६७/१२/१४, जि.प्र.का. : काठमाण्डौं<br>स्थायी ठेगाना : गोङ्गबु वडा नं. ०२ काठमाण्डौं।<br>हाल बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |

| ४. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको विवरण |
|---|---|
| **नाम : देव कुमारी खतिवडा**<br>बाबु : खिल प्रसाद लामिछाने<br>पति : ठाकुर प्रसाद खतिवडा<br>ससुरा : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : ४९३९८<br>मिति : २०५३/१२/१५, जि.प्र.का. : नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **१) नाम : ठाकुर प्रसाद खतिवडा**<br>बाबु : सोम प्रसाद खतिवडा<br>बाजे : डण्ड प्रसाद खतिवडा<br>ना.प्र.नं. : ३५५१<br>मिति : २०४४/१२/०५, जि.प्र.का., नुवाकोट<br>स्थायी ठेगाना : जिलिङ्ग वडा नं.०२, नुवाकोट।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |
| **२) नाम : सन्तोष खतिवडा**<br>बाबु : ठाकुर प्रसाद खतिवडा<br>बाजे : सोम प्रसाद खतिवडा<br>ना.प्र.नं. : २५१०४७/७२<br>मिति : २०६५/०३/२२, जि.प्र.का.नुवाकोट<br>स्थायी ठेगाना : बेलकोटगढी वडा नं.०८, नुवाकोट।<br>हाल बिदुर न.पा. वडा नं. ४, नुवाकोट। | **३) नाम : रजनी थापा**<br>बाबु : हरिशरण थापा<br>पति : सन्तोष खतिवडा<br>ससुरा : ठाकुर प्रसाद खतिवडा<br>ना.प्र.नं. : १०२७/७४१७४<br>मिति : २०६७/१२/१४, जि.प्र.का., काठमाण्डौं<br>स्थायी ठेगाना : गोङ्गबु वडा नं. ०२ काठमाण्डौं।<br>हाल : बिदुर न.पा. वडा नं. ४, नुवाकोट। |

**सि.नं. १ देखी ४ नं. कर्जाहरुमा रहेको धितो सुरक्षणको विवरण :**

क) मालपोत कार्यालय, नुवाकोटमा ठाकुर प्रसाद खतिवडाको नाममा दर्ता कायम रहेको बिदुर नगरपालिका वडा नं. १ स्थित कित्ता नं.४२७ र ४०९७ को क्षेत्रफल क्रमश : १-११-२-० र ०-१२-३-१ (रोपनि) को जग्गा तथा सोमा भएगरेका निर्माणहरु, लिगलगापात समेत।

ख) मालपोत कार्यालय, नुवाकोटमा एकिकृत कृषि विकास कम्पनी लि.को नाममा दर्ता कायम रहेको भैरबी वडा नं.४ स्थित कित्ता नं.७३७ को क्षेत्रफल १५-०-०-० (रोपनि) को घरजग्गा तथा सोमा भएगरेका निर्माणहरु, लिगलगापात समेत।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np

## सूची दर्ता गर्ने बारे सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१० गते**

यस बैंकलाई आ.व. २०८२/०८३ मा आवश्यक पर्ने देहाय वमोजिमका बस्तु तथा सेवाहरु आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुको नामावलीको सूचिदर्ता गराउनु पर्ने भएकोले ईच्छुक तथा अनुभवी, कुनै वातकसुर नलागेका तथा कालो सूचिमा नपरेका रजिर्ष्टड फर्म/संस्था/कम्पनीहरुलाई संस्थादर्ताको प्रमाण-पत्र (नविकरण सहित), काम गरेको अनुभव र करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, चौथो तल्ला, सनराईज विजपार्क, डिल्लिवजार, काठमाण्डौमा दर्ता गराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१) छपाई सम्बन्धी कार्य।
२) मसलन्द (स्टेशनरी) सामान आपूर्ति।
३) कार्डबोर्ड, मेटल तथा काठका फर्निचर, फोटोकपी, फ्याक्स, स्टेबलाइजर, एटिएम, नोट काउन्टिङ्ग मेसिन आपूर्ति तथा मर्मत संभार।
४) कार्यालय उपकरणहरु, कम्प्यूटर उपकरणहरु, प्रिन्टर, UPS, ब्याट्रि, फोर्टिगेट, नेटवर्किङ्ग, ईन्टेरनेट र DATA CONNECTIVITY SERVICE आपूर्ति तथा मर्मत संभार।
५) जेनरेटर आपूर्ति तथा मर्मत संभार।
६) एयर कन्डिसन आपूर्ति तथा मर्मत संभार।
७) बैंकको आन्तरिक सजावट तथा डिजाइन लगायत सोको लागि आवश्यक सामानहरु आपूर्ति तथा मर्मत संभार कार्य।
८) CCTV/ Alarm System/ EPABX/ Telephone Set आपूर्ति तथा मर्मत संभार।
९) फोटोकपी, प्रिन्टर, फ्याक्स मेसिनमा लाग्ने मसि, रिवन, टोनर तथा कार्टिजहरु आपूर्ति।
१०) कार्यालयको सवारी साधन (गाडी तथा मोटर साइकल) पाटपुर्जा आपूर्ति तथा मर्मत संभार।
११) Vault Door, Fire Proof Safe, fire Proof filling Cabinet, Normal Cabinet, Safe Deposit Locker आपूर्ति तथा मर्मत संभार।
१२) विद्युतिकरण कार्य, विद्युतीय सामग्री तथा उपकरणहरु आपूर्ति तथा मर्मत संभार।
१३) कुरियर सेवा।
१४) कर्मचारीहरुको पोशाक सप्लाई सम्वन्धी कार्य।
१५) विज्ञापन तथा प्रचार प्रसार सेवा सम्वन्धी कार्य।
१६) कन्सल्टेन्सी, परामर्शदाता, अनुसन्धान, इन्जिनियरिङ्ग लगायत तथा अन्य विविध सेवा सम्बन्धी कार्य।
१७) कर्मचारीहरुको दुर्घटना विमा, स्थिर सम्पत्ति तथा गाडीहरुका विमा।
१८) उपरोक्त वाहेक अन्य सामान तथा सेवाहरु आपूर्ति तथा मर्मत संभार समेतका कार्यहरु।

सूचीकृत हुन आएका निवेदनहरु मध्येबाट योग्य ठहरिएका विक्रेता फर्म तथा कम्पनीहरुलाई सूचीकृत गरिनेछ। सूचीकृत भएका फर्म तथा कम्पनीहरुले सन्तोषजनक तथा समयमा सेवा तथा सामान आपूर्ति नगरेको खण्डमा बैंकले विना सूचना सूचीबाट हटाउन सक्नेछ। यस उपर कुनै दावी विरोध गर्न पाईने छैन। सूचीकृत हुन पेश भएका निवेदनहरु सूचीकृत गर्ने वा नगर्ने सम्वन्धी अधिकार यस बैंकमा निहित रहनेछ।

**सामान्य सेवा विभाग**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
**केन्द्रीय कार्यालय, सनराईज विज पार्क, डिल्लीबजार, काठमाडौं**
**फोन नं. ०१-४४१३२३४/४४१३२३२**

### ट्रष्ट माइक्रो इन्स्योरेन्स लि. को
## दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०१/१०**

आदारणीय शेयरधनी महानुभावहरु,
यस ट्रष्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको मिति २०८१/१२/२५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस ट्रष्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको दोश्रो वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि यो सूचना प्रकासित गरिएको छ।

**१. सभा हुने मिति, स्थान तथा समय :**

मिति : २०८२ साल जेठ १ गते, बिहीबार तदनुसार (15th May, 2025)
समय : बिहान ९:१५ बजे।
स्थान : महाराजा रिसोर्ट प्रा.लि.को सभाकक्ष बुटवल उ.म.न.पा. वडा नं. ११, रुपन्देही

**२. सभामा छलफल गरिने प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरु:-**
१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को वार्षिक वित्तिय विवरण (आषाढ मसान्त २०८१ को वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु) उपर छलफल गरि पारित गर्ने बारे।
३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे।
४) संचालक समितिको बैठकबाट नियुक्त गरिएका संचालकहरुको नियुक्ति अनुमोदन गर्ने बारे।

**ख) विशेष प्रस्तावहरु:-**
१) प्रबन्ध पत्रको दफा (६) को उपदफा (५) संशोधन गर्ने बारे।
२) संचालकहरुको सेवा सुविधा बारे।
३) सर्वसाधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने बारे।
४) सामाजिक उत्तरदायित्व (CSR) अन्तरगत भए गरेका खर्चहरुको अनुमोदन गर्ने बारे,
५) दफा तथा नियम संशोधन, सर्व साधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने लगतयतका सम्बन्धमा नियामक निकायहरुबाट कुनैपनि किसिमको संशोधन, फेरबदल एवं थपघट गर्ने लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे।

**ग) विविध।**

**३. साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :**
१) दोश्रो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०१/२५ गते १ (एक) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। अर्थात् मिति २०८२/०१/२४ गते सम्म दर्ता कायम भएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुने छन्।
२) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान ८:३० बजे देखी सभा संचालन रहेसम्म खुल्ला गरिनेछ।
३) वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागजत वा प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध गर्दछौं, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
४) सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि वित्तिय विवरण लगायतका बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी जानकारीको लागि कम्पनीको Website: www.trustmicroinsure.com मा हेर्न सक्नु हुनेछ।
५) साधारण सभमा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहाने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८२/०१/३० गते बिहान ९:१५ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय बुटवल उपमहानगरपालिका वडा नं. ९, रूपन्देही तथा कम्पनीको प्रादेशिक कार्यालय का.जि., का.म.न.पा.३० कमलपोखरीमा दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ।
६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय रूपन्देहीमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वत: बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ। प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वत: बदर हुनेछ।
७) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन्।
८) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबामा पहिलो नाममा उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन्।
९) साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहाने शेयरधनी महानुभावहरुले सभा सुरु हुनु भन्दा अगावै आफ्नो नाम कम्पनीको आधिकारी प्रतिनिधि/कम्पनी सचिवलाई टिपाउनु पर्नेछ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

TRUST MICRO INSURANCE
Ensure with Trust : Mitigate your Risk
**ट्रष्ट माइक्रो इन्स्योरेन्स लि.**
**प्रधान कार्यालय: बुटवल -९, रुपन्देही**
**फोन नं. : ०७१-५९१४४२**
**प्रदेश कार्यालय: राधा कृष्ण भवन, (छैठौ तल्ला), कमलपोखरी, काठमाण्डौ।**
**फोन नं. ०१- ४५४७०४२/४३**
**इमेल:** info @trustmicroinsure.com
**वेब साइट:** www.trustmicroinsure.com

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा भाँजो नहाल्न आग्रह

**कास्की, (नेस)**

पोखरा उद्योग वाणिज्य संघले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा अनियमितता भए छानबिन गर्नुपर्ने तर त्यही बहानामा अन्तर्राष्ट्रिय उडान रोक्ने प्रपञ्च नहोस् भन्ने माग गरेको छ।

संघका महासचिव शोभा गौतमबाट मंगलबार जारी विज्ञप्तिमा भनिएको छ, 'निर्माणको क्रममा अनियमितता भएको छ भने त्यसको छानबिन र दोषीमाथि हदैसम्मको कारवाही होस्। अन्याय, बेथिति, दुरुपयोग घोटालाका विरुद्ध हामी साथ सहयोग गर्न तयार छौं। तर, विभिन्न बहानामा पोखराको बदनाम गर्ने, निर्माण भएर भर्खर अन्तर्राष्ट्रिय उडान हुँदै गरेको विमानस्थल संचालनमा रोकावट तथा अवरोध हुने गरी कोही कसैबाट अवाञ्छित गतिविधि क्रियाकलाप चाहिँ नहोस् भन्ने हाम्रो जोडदार माग रहेको छ।'

विज्ञप्तिमार्फत संघले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा भाँजो नहाल्न सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदै त्यस्ता गतिविधिको सशक्त प्रतिवाद गर्ने उद्घोष पनि गरेको छ।

संघीय संसदको सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमितिको प्रतिवेदनमा एयरपोर्ट निर्माणको क्रममा भ्रष्टाचार भएको किटान गरिएपछि पोउवा संघले यस्तो प्रतिक्रिया जनाएको हो।

संघकै अगुवाइ, निरन्तरको पैरवी र लामो रिले अनसनपछि विमानस्थल निर्माण भएको स्मरण गर्दै विज्ञप्तिमा भनिएको छ, ' संघको 'भगिरथ प्रयास' को जगमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएको भन्नेमा कुनै द्विविधा छैन। विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको सुनिश्चितताका निम्ति हामीले पटक-पटक नागरिक उड्डयन प्राधिकरण, प्रधानमन्त्रीदेखि मन्त्रीलगायत सबै सम्बन्धित निकायहरूमा ध्यानाकर्षण गराएका छौं। नियमित अन्तर्राष्ट्रिय उडानको सुनिश्चितताका निम्ति हाल चीनको सिचुवान प्रान्तको छिन्दुमा भइरहेको चार्टर उडानका निम्ति पनि मिति २०८१ चैत्र १९ गतेको दोस्रो उडानमा संघले पहलकदमी गरेको छ।'

विज्ञप्तिमा विमानस्थल निर्माणकै बेला रोक्न भाँजो हालिएको जिकिर गर्दै अगाडि भनिएको छ, 'ती घटनाहलाई हामीले संघीय राजधानी काठमाडौंको केन्द्रीकृत मानसिकताको उपज भएको ठहर गरेका थियौं। अहिले पनि त्यस्ता मानसिकता बोक्ने मान्छेहरू क्रियाशील छन् र उनीहरू अधिकार प्रत्यायोजन एवं अर्को क्षेत्रको विकास चाहँदैनन् कि भन्ने हामीलाई महसुस भएको छ।'

# नेपालीले ९ महिनामा २५ अर्ब स्मार्टफोन किने

**काठमाडौं, (नेस)**

नेपालको निर्यात व्यापार चालू आर्थिक वर्षको ९ महिनामा उल्लेख्य सुधार भएको छ। भन्सार विभागको तथ्यांकअनुसार साउनदेखि चैत महिनासम्म १ खर्ब ८८ अर्ब १९ करोड ५० लाख रुपियाँ बराबरको वस्तु निर्यात भएको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६५ दशमलव १६ प्रतिशतले बढी हो।

गत वर्ष सोही अवधिमा नेपालबाट १ खर्ब १३ अर्ब ९४ करोड रुपियाँ बराबरको वस्तु निर्यात भएको थियो। केही महिनायता निर्यातमा लगातार सुधार देखिएको भन्सार विभागले जनाएको छ।

सोही अवधिमा विभिन्न देशबाट नेपालले १३ खर्ब ९५ अर्ब ३२ करोड रुपैयाँ बराबरको वस्तु आयात गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा ११ खर्ब ६७ अर्ब ३६ करोड रुपियाँको वस्तु आयात भएको थियो। चैतसम्म कुल आयात १२ दशमलव १८ प्रतिशतले वृद्धि भएको छ।

आयात निर्यात वृद्धिसँगै व्यापार घाटा पनि बढेको छ। ९ महिनासम्मको अवधिमा नेपालको व्यापार घाटा ११ खर्ब २१ अर्ब ३३ करोड रुपियाँ पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा १० खर्ब ५३ अर्ब ४२ करोड रुपियाँ बराबरको व्यापार घाटा थियो। तुलनात्मक रूपमा व्यापार घाटा ६ दशमलव ४५ प्रतिशतले बढेको हो।

यस अवधिमा नेपालको कुल वैदेशिक व्यापार १४ खर्ब ९७ अर्ब ७२ करोड रुपियाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १६ दशमलव ८९ प्रतिशतले बढी हो। कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा १२ दशमलव ५७ प्रतिशत तथा आयातको हिस्सा ८७ दशमलव ४३ प्रतिशत रहेको छ।

भन्सार विभागका अनुसार चैत महिनामा मात्रै ३० अर्ब रुपैयाँ बराबरको वस्तु निर्यात गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा दोब्बर बढी हो। फागुन महिनामा १३ अर्ब रुपियाँको निर्यात भएको थियो।

निर्यात वृद्धि हुने प्रमुख वस्तुहरूमध्ये भटमासको प्रशोधित तेल अग्रस्थानमा रहेको छ। कुल निर्यातमध्ये ३३ प्रतिशत हिस्सा भटमासको तेलको छ, जुन तेस्रो मुलुकबाट कच्चा पदार्थ आयात गरी भारतमा पुनः निर्यात गरिन्छ। यससँगै धागो र सूर्यमुखी तेलको पनि उच्च निर्यात भएको छ।

अघिल्ला वर्षहरूमा अत्यधिक मात्रामा निर्यात हुने फलामे पाताको निर्यात यो वर्ष २९ प्रतिशतले घटेको छ। फलामे पाता उत्पादन गर्न प्रयोग हुने पत्रु सामग्रीको आयात ७७ प्रतिशतले घटेको विभागले जनाएको छ।

भटमासको प्रशोधित तेलको निर्यात गत वर्षको तुलनामा ६४ गुणाले बढेको छ भने अर्ध प्रशोधित तेलको आयात ५ गुणा बढी भएको छ। अहिले डिजेलपछि दोस्रो सबैभन्दा बढी आयात हुने वस्तु अर्ध प्रशोधित भटमासको तेल नै बनेको छ। निर्यातमा देखिएको वृद्धिसँगै मासिक औसत निर्यात पनि उल्लेख्य रूपमा बढेको छ। अघिल्लो आर्थिक वर्षमा मासिक औसत निर्यात १२ अर्बको हाराहारीमा थियो भने अहिले मासिक निर्यात ३१ अर्बसम्म पुगेको छ।

त्यस्तै मासिक औसत आयात अघिल्लो वर्ष १ खर्ब ३२ अर्ब थियो भने यो वर्ष अधिकतम १ खर्ब ६६ अर्ब रुपियाँसम्म पुगेको छ। नेपालमा पछिल्लो ९ महिनामा सबैभन्दा बढी आयात हुने वस्तुमा डिजेल ९१ अर्ब २६ करोड, पेट्रोल ४७ अर्ब ७७ करोड, ग्यास ४६ अर्ब ५८ करोड, स्मार्टफोन २५ अर्ब र सुन १६ अर्ब ३ करोड रहेका छन्। सुन आयातमा पनि उल्लेख्य वृद्धि भएको छ। अघिल्लो वर्ष सोही अवधिमा २ अर्ब ३६ करोड रुपैयाँको मात्र सुन आयात भएको थियो। सुन आयात सन् २०७८/७९ मा सबैभन्दा धेरै ३५ अर्ब ६८ करोड पुगेको थियो।

# प्रतिफल दिन नसकेपछि संस्थानको पुनरावलोकन गर्न सुझाव

## ४५ मध्ये २६ संस्थानले मात्र नाफा

**काठमाडौं, (नेस)**

सार्वजनिक संस्थानहरूमा सरकारी उच्च लगानी भए पनि त्यस अनुरूपको प्रतिफल प्राप्त हुन नसकेको, धेरैजसो संस्थान घाटामा रहेका तथा कार्यकुशलतामा कमी देखिएकाले ती संस्थानको पुनरावलोकन गर्नुपर्ने खाँचो औंल्याइएको छ। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले उक्त खाँचो औंल्याएको हो।

निजीकरणका प्रयासहरू पनि मिश्रित परिणामसहित अगाडि बढेका छन्। सार्वजनिक सम्पत्तिको दिगो व्यवस्थापनका लागि अब थप नीति स्पष्टता र कार्यान्वयनमा सुधार आवश्यक देखिएको जनाइएको हो। समावेशी आर्थिक उद्देश्यका साथ सरकारले विगतमा विभिन्न सार्वजनिक संस्थानहरू स्थापना गर्दै आएको भए पनि अहिले अधिकांश संस्थान व्यावसायिक रूपमा कमजोर देखिएका छन्। बजारमा निजी क्षेत्रको पहुँच नपुगेका ठाउँमा उत्पादन, रोजगारी तथा सामाजिक सेवा प्रवाह गर्ने उद्देश्यले सार्वजनिक संस्थान स्थापना गरिँदै आएको हो।

हाल देशभर ४५ वटा सार्वजनिक संस्थान सञ्चालनमा छन्। तीमध्ये औद्योगिक क्षेत्रमा १०, व्यापारिक क्षेत्रमा ४, सेवा क्षेत्रमा ११, सामाजिक क्षेत्रमा ५, जनउपयोगी क्षेत्रमा ५ र वित्तीय क्षेत्रमा ९ संस्थान छन्। पाँचवटा संस्थान कानुनी रूपमा अस्तित्वमा रहे पनि कुनै व्यावसायिक कारोबार गरिरहेका छैनन् भने नेपाल मेटल कम्पनी स्थापना भए पनि सञ्चालनमा आएको छैन।

धौवादी फलाम कम्पनी र नेपाल पूर्वाधार निर्माण कम्पनी पछिल्लो समय स्थापना भएका संस्थान हुन्। हाल रहेका संस्थानहरू कम्पनी ऐन, विशेष ऐन, सञ्चार ऐन, सहकारी ऐन र संस्थान ऐनका आधारमा स्थापना गरिएका हुन्।

अहिले सञ्चालनमा रहेका अधिकांश संस्थान सम्बन्धित मन्त्रालयको निर्देशनअनुसार सञ्चालन भइरहेका छन्, जसका कारण तिनको व्यावसायिकता कमजोर देखिएको छ। सम्पत्ति मन्त्रालयका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहत १४, अर्थ मन्त्रालय मातहत ९, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत ५, ऊर्जा तथा सिँचाइ मन्त्रालय मातहत ३, सञ्चार, संस्कृति, पर्यटन, कृषिलगायत अन्य मन्त्रालयहरूमार्फत विभिन्न संस्थानहरू सञ्चालित छन्। ४५ मध्ये २६ संस्थानले मात्र नाफा कमाएका छन् भने १५ संस्थान घाटामा छन्। तीन संस्थानको कारोबार शून्य छ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**
**बुद्धनगर, काठमाण्डौ ।**

**श्री आईडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नयाँ बजार (तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था, हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था, नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था, घुदुङ बहुउद्देश्यीय सहकारी संस्था, आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था) काठमाण्डौका बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई अत्यन्त जरुरी सूचना**

**प्रकाशित मिति : २०८२/०१/१० गते**

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८१/१२/१९ को निर्णयबाट समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न सोही ऐनको दफा १०५ बमोजिम यस समिति समक्ष लेखी आएकोमा सोहि ऐनको दफा १११(१) बमोजिम सो सहकारी संस्थाको संचालक समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार स्वतः निलम्वन हुने हुँदा निम्नानुसारको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

